मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३४० ● २०८० साल कार्तिक ०४ गते शनिबार ● Saturday 21, October 2023 ● सूर्योदय: बिहान ६:०७ बजे ● सूर्यास्त: साँझ ५:३२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# बलिप्रथाको विरोध

**‘जिभ्रोको स्वादका लागि बोका बलि दिने काम भइरहेको छ, माता दुर्गा, काली कसैको बच्चालाई मारेर कसरी प्रशन्न हुन सक्छिन् ?’**

*बलिप्रथाको बारेमा कुरा उठ्दा समाजका केही बुद्धिजीबीले के तर्क दिने गरेको सुनियो भने दशैँ पूजामा यस्ता बलि दिइनु प्रचलन झैँ भइसकेको मानिराखेका छौँ । तर हुँदाहुँदै अब त राम मन्दिर वरिपरि जुन विभत्स दृश्य देखिन थालेको छ, यो अति नै भइसकेको सबैलाई महसुस हुन थालेको छ । यसलाई रोक्न हामीले नै पहल गर्नु पर्ने देखिन्छ । यो दृश्य हेरिरहनु भन्दा यसलाई रोक्ने पहल गर्नु नै उत्तम हुने देखिन्छ । यसतर्फ सबैको ध्यान जान जरुरी छ । समयमै यसबारे खबरदारी पनि गरौँ ।*



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
विजयादशमीको महाअष्टमीमा राजदेवी मन्दिरमा हुने बलिप्रथाको विरोधमा जनकपुरधाममा विचार गोष्ठी गरिएको छ । शुक्रबार कवीर अनाथ बालवात्सल्य आश्रमका सञ्चालक सत्यनारायण आलोकको अध्यक्षता तथा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ का अध्यक्ष राघवेन्द्र साहको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वक्ताहरुले सनातन धर्ममा हिंसाको कुनै ठाउँ नरहेको बताए ।
हिन्दू धर्मशास्त्रमा बलिप्रथाको विषयमा कुनै चर्चा नगरिएकाले कुनै पनि प्राणीको बलि दिनु गलत रहेको वक्ताहरुले बताए ।
‘जिभ्रोको स्वादका लागि बोका बलि दिने काम भइरहेको छ, माता दुर्गा, काली कसैको बच्चालाई मारेर कसरी प्रशन्न हुन सक्छिन्,’ वक्ताहरुले प्रश्न गरेका थिए ।
बलिप्रथा रोकथामका लागि आयोजित विचार गोष्ठिमा मिथिलाका पारम्परिक लोकनृत्य झिझिया पनि प्रस्तुत गरिएको थियो ।
कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी तथा वरिष्ठ पत्रकार राजेश्वर नेपालीको श्रद्धाञ्जलीमा कवि गोष्ठीसमेत गरिएको थियो । गोष्ठीमा दुई दर्जन भन्दा बढी कविले बलिप्रथाको विरोधको आधारित कविता वाचन गरेका थिए । कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्ष अम्भू प्रसाद साह, भोगेन्द्रलाल कर्ण, रामसागर पंडित, भरतप्रसाद महतो, गोविन्द दास, विपत्ति दास, भुवनेश्वर महतो, परमेश्वर कापड़ी, प्रेमशीला देवी, प्रदीप यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## वैभव

शनिबार ४ पृष्ठको वैभव



- नेपालको दशैँ - भारतको दशैँ
- लौकिक दशैँ: शास्त्रीय दशैँ
- पण्डितको नजरमा नव दुर्गा र दशैँ
- जीव हत्या–कति धर्मसम्मत ?
- मधेशमा दशैँको झल्को दिने झिझिया
- ‘जीवन्त सम्बन्ध’को सिटी स्क्यान

# विशाल ग्रुपले अतिक्रमण गरेको जग्गामा डोजर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले वडा नम्बर ३० मा रहेको औद्योगिक घराना विशाल ग्रुपले अतिक्रमण गरेको अन्दाजी ५ बिघा १० कठ्ठा १३ धुर सार्वजनिक जग्गा खाली गराएको छ । वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहको निर्देशनमा महानगरपालिकाको भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिले जग्गामा शुक्रबार डोजर लगाएर बाउन्ड्री वाल भत्काई अतिक्रमणमुक्त गरेको वडा नम्बर ५ का अध्यक्ष एवम् भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक प्रदिप चौरसियाले जानकारी दिए । अतिक्रमण हटाउन वीरगंज महानगरपालिका वडानम्बर १२ का अध्यक्ष सुरेश गुप्ता, महानगरपालिकाका प्रशासनिक सल्लाहकार हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि भुषाल सहितको टोली पुगेको थियो ।

# आज फूलपाती

**मधेशदृष्टि**
**वीरगंज ।**
बडादशैँको महत्वपूर्ण दिन आज फूलपातीबाट सुरु हुन्छ । आज साँझ फूलपाती भित्र्याइनेछ भने आठौँदिन महाअष्टमी र नवौँ दिन महानवमीका बलि दिइने गरिन्छ । घटस्थापनाका दिन राखिएको जमरासहित दशौँ दिन ठूलाबडाबाट टीका ग्रहण गरेर बडादशैँ अर्थात् विजयादशमी मनाइन्छ ।
यसअघि दुर्गापक्ष अर्थात् नवरात्रको छैठौँ दिन शुक्रबार दशैँघर वा पूजा कोठामा नौ दुर्गामध्येकी छैठौँ कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ । हरेक वर्ष आश्विन शुक्ल षष्ठी अर्थात् दुर्गा पक्षको छैटौँ दिन कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ । नवरात्रको पहिलो दिन असोज २८ गते आइतबार दशैँघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसैदिन घटस्थापना गरिएको ठाउँमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन सोमबार पूजास्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो भने तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन हिजो स्कन्दमाता देवीको पूजा आराधना गरिएको थियो । छैठौँ दिन वीरगंजको गहवामाई मन्दिरसँगै विर्ता माई, विन्दवासिनी माई, बाराको गढीमाई, लगायतका मन्दिर तथा शक्तिपीठमा कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ । बिहानैदेखि दुर्गा भवानीको आराधनाका लागि गहवामाईलगायतका मन्दिरमा दर्शनार्थीको भिड लागेको थियो ।















# उद्धारपछि कष्टकर जीवनबाट उन्मुक्ति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम लगायत धनुषाको सडकबाट १० जना सडक मानवको उद्धार गरिएको छ । जनकपुरधाम उपमहानगर पालिकाबाट ७ जना र मिथिला नगरपालिकाबाट ३ जनाको उद्धार गरिएको समाजसेव प्रकाश थारुले जानकारी दिए ।बिरामी, मानसिक रोगी, अशक्त, बोल्न नसक्ने तथा फरक क्षमता भएर घरपरिवारबाट विस्थापित भइ सडकमा अलपत्र परेर कष्टकर जीवन व्यथित गरिरहेका मानवहरुको उद्धार गरि जनकपुर मानव सेवा आश्रममा राखिएको हो । धनुषामा सडक मानव उद्धारका लागि मानव सेवा आश्रमका संचालक रामजी अधिकारी, जनकपुरधामका मेयर मनोज साह, मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो, धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपानी पाण्डे, प्रहरी उपरीक्षक विश्वराज खड्का, समाजसेवी पवन सिंहानिया, सामाजिक अभियन्ता प्रकाश थारु लगायतको टोलिले उनीहरुको उद्धार गरेका हुन् । मानव सेवा आश्रमले पटक पटक सडकमा अलपत्र परेका मनवहरुको उद्धार गरि जनकपुरधाम तथा विरगञ्जको आश्रममा राखेर स्याहार गर्दै आएको छ ।



महोत्तरीको सदरमुकाम जलेश्वरमा शुक्रबार दुर्गा पूजाका लागि निकालिएको कलश शोभा यात्रामा कलश (घैंटो) लिएर सहभागी हुँदै बालिका ।
तस्विरः सञ्जीतकुमार मण्डल

# निर्वाचन आयोगको जिहजुरीले लोकतन्त्र कमजोरः साह

**सञ्जय मिश्रा**
**रौतहट ।**
आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले निर्वाचन आयोग राजनीतिक दलको जिहजुरिया बनेका कारण देशको अवस्था कमजोर भएको टिप्पणी गरेका छन् । बडादशैँ, तिहारको अवसरमा शुक्रबार गुजरा नगरपालिकास्थित पार्टीले गरेको शुभकामना आदानप्रदान कार्यक्रममा साहले यस्तो टिप्पणी गरेका हुन् ।



उनले नेपाली जनतामाझ निर्वाचन आयोगले आफ्नो विश्वास कायम राख्न नसक्दा देशमा लोकतन्त्र नै कमजोर भइरहेको जिकीर गरे । राष्ट्रको संवैधानिक आयोगको रुपमा रहेको निर्वाचन आयोग स्वतन्त्र तथा निष्पक्ष नहुनुमा भागबन्डाको आधारमा दलका कार्यकर्ता आयुक्तको जिम्मेवारीसहित नियुक्त हुँदा नीतिनियम भन्दा नेताको आदेशमा चल्ने गरेको नेता साहले दाबी गरे । गणतन्त्र, लोकतन्त्रमा निष्पक्ष निर्वाचनका लागि निष्पक्ष संवैधानिक अंगको रूपमा निर्वाचन आयोग स्थापित छ । तर निर्वाचन आयोगको आयुक्त दलीय भागबन्डाका आधारमा भर्ना हुने भएकाले निर्वाचन आयोग दलको जिहजुरिया बनेको छ । 'निष्पक्ष ढंगले काम गर्नुको सट्टा आयुक्तले मालिकको आदेशमा काम गरेकाले लोकतन्त्र कमजोर भइरहेको छ,' साहले भने ।
साहले मधेश प्रदेश सरकारलाई एकवर्षमा ४५ अर्ब रुपैया आउने र हिसाब गरे प्रदेशको एउटा नगरको भागमा ३३ करोड रुपैयाँ पर्ने बताए । '६ वर्षमा के काम भयो, खोई पैसा, हिसाब कसले लिने,' उनले भने । त्यतिमात्र नभएर जनता आवास कार्यक्रमका लागि प्रदेशमा ६ वर्षमा आएको ६ अर्ब रुपैयाँमा ठूलो बेथिति भएको साहले आरोप लगाए ।
कार्यक्रममा आजपा सचिव एवम् पूर्वसांसद समिना हुसेन, केन्द्रीय नेता सुधीर यादव, लालबाबु मन्सुरी, चण्डेश्वर बैठा, बबिता साह, बबिता यादव, सियाराम कुशवाहा, त्रिभुवन साहलगायतका नेताले देशलाई निकास र जनतालाई समृद्ध बनाउन आमजनता पार्टीलाई सहयोग गर्न आग्रह गरे । कार्यक्रम पार्टी गुजरा नगर प्रमुख पलट चौधरीको अध्यक्षतामा भएको हो ।

# दशैँ रात्रीबजारमा दुई करोडको कारोबार

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालीको महान पर्व विजयादशीलाई लक्षित गर्दै वीरगंज महानगरपालिकाको आयोजनामा असोज २८ गतेबाट आरम्भ भएको 'रात्रीकालीन दशैँ मेला सकिएको छ । दशैँको पहिलो दिन घटस्थापनाबाट सुरु भएको रात्रीकालीन दशैँ बजारको बिहीबार राति वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले समापन गर्दै मेलाले आर्थिकरुपमा धरासायी वीरगंजका साना व्यवसायीलाई माथि उठाएको बताए ।
उनले आर्थिक गतिविधि चलायमान बनाउन रात्रीकालीन दशैँ मेलाले महत्वपूर्ण योगदान दिएको बताउँदै विगत लामो समयदेखि आर्थिक गतिविधिमा आएको शिथिलता र व्यापार घाटासमेत कम गर्न मेला प्रभावकारी सिद्ध हुने बताए ।
उनले नगरबासीको चाहनाबमोजिम वीरगंज महानगरपालिकाले स्थानीय उद्योगी व्यवसायीको सहयोगमा रात्रीकालीन बजारलाई निरन्तरता दिइने समेत दाबी गरे ।




मेला आयोजक समितिका संयोजक एवम् ग्रिनसिटी समुदायिक केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले मेलामा रहेका १ सय २० भन्दा बढी स्टलबाट २ करोड रुपैयाँ बराबरको कारोबार भएको जानकारी दिए ।
वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कमा सम्पन्न रात्रीकालीन दशैँ बजारमा भारतबाट नेपाल प्रवेश गर्ने वीरगंजस्थित मुख्य नाका ५ दिनका लागि भारतीय पर्यटकका लागि खुला राखिएको थियो ।
दशैँ लक्षित रात्रीबजारमा खानाका विशेष परिकार, लत्ताकपडा, कस्मेटिक, भाँडाकुडा, खाद्यान्न, दैनिक उपभोग्य सामानसहित १ सय २० स्टल राखिएको मेला आयोजक समितिका संयोजक खेतानले बताए । मेला १ लाख बढी उपभोक्ता तथा सर्वसाधारणले अवलोकन गरेको खेतानले बताए । घरेलु तथा साना उद्योग, ग्रिनसिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एनवाइइएफ, वीरगंज साइकलिङ क्लब, ओमेन्स क्रिएसन र फोरजीआरलगायतका एक दर्जन सरकारी तथा गैरसरकारी संघसंस्थाको सहयोगमा रात्रीकालीन दशैँ बजार आयोजना गरिएको हो ।
समापनमा वीरगंजस्थित भारतीय महावाणिज्यदुत देवी सहाय मीना, शशिभुषण कुमार, वीरगंजका उद्योगीव्यवसायीलगायतको सहभागिता थियो ।

# दैनिक २ हजार घर फर्कँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
बडादशैँ, दीपावली तथा छठ पर्व मनाउन रोजगारीका लागि भारत गएका नेपाली फर्कने क्रमले तिव्रता पाएको छ । वीरगंज नाकाबाट केही दिन यता दैनिक २ हजार भन्दा बढी नेपाली पर्व मनाउन फर्किएका छन् ।
भारतको विभिन्न ठाउँमा अध्ययन तथा कामका लागि गएका नेपाली चाडपर्व नजिकिएसँगै स्वदेश फर्कन थालेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । कार्यालयले केही दिनदेखि नेपालबाट भारत जानेभन्दा पनि भारतबाट नेपाल आउनेको चाप बढेको जनाएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले वीरगंज मुख्य भन्सार र अन्य छोटी भन्सारको बाटो हुँदै दैनिक २ हजार भन्दा बढी नेपाली स्वदेश फर्कने गरेको जानकारी दिए ।
चाडपर्व मनाउन आउने नेपालीले चेकजाँचका नाममा कुनै समस्या भोग्नु नपरोस् भनेर सतर्कता अपनाइएको उनले बताए ।
चाडपर्व लक्षित गरेर नाकामा हेल्प डेस्क स्थापना गर्नुका साथै प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धानका कर्मचारीलाई पनि प्रभावकारीरूपमा परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए । यता वीरगंज रक्सौल नाकाको मितेरी पुल छेउमा भने पछिल्लो समय भारतीय प्रहरीले चेकजाँचमा कडाइ गरेको स्थानीयले गुनासो गरेका छन् ।

## उपत्यका नै खाली गरेर फर्कँदै

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपालीको महान चाड विजयादशमीका लागि गाउँ फर्किनेको भीड लागेको छ । कोटेश्वर, कलंकी, बालाजु, नयाँ बसपार्कलगायतका क्षेत्रबाट गाउँ फर्किने उल्लेख्य छन् । नयाँ बसपार्कदेखि कोटेश्वर र कलंकीदेखि नागढुंगासम्मै घर फर्किनेको लाइन छ ।
काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका अनुसार घटस्थापनादेखि शुक्रबार बिहानसम्म ४ लाख ६२ हजार यात्रु काठमाडौँबाट बाहिरिएका छन् ।



यो संख्या अझै बढ्ने काठमाडौँ उपत्यका ट्राफिक प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरक्षक राजेन्द्रप्रसाद भट्टले बताए । 'घटनस्थापनादेखि आज बिहानसम्म काठमाडौँ उपत्यकाका विभिन्न नाकाबाट ४ लाख ६२ हजार यात्रु बाहिरिएका छन्,' प्रवक्ता भट्टले बताए, 'यो संख्या अझै बढ्न सक्छ किनभने नवमीका दिनसम्म बाहिरिनेको संख्या ठूलो हुन्छ ।' ट्राफिक प्रहरीका अनुसार दैनिक एक लाखको हाराहारीमा यात्रु उपत्यकाबाट बाहिरिने गरेका छन् । हरेक वर्ष दशैँ, तिहार, छठ मनाउन काठमाडौँ उपत्यकाबाट घर छोड्नेको संख्या उल्लेख्य हुने गर्दछ ।

# एसपी र डिएसपीका नाममा असुल्ने पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
प्रहरी अधिकृतका नाममा तस्करसँग पैसा असुली गर्नेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।
कलैया उपमहानगरपालिका वडा नम्ब्र १० मटिअर्वाका ३७ वर्षीय मनोजकुमार सहनी पक्राउ परेको प्रहरीले जनाएको छ ।
बारा प्रहरीका अनुसार सहनीले मटिअर्वा नाकाबाट अवैधरूपमा राजस्व छली गरेर एलइडी ल्याइरहेका तस्करसँग बाराका प्रहरी उपरीक्षक (एसपी) र प्रहरी नायव उपरीक्षक (डिएसपी) का नाममा रकम मागेका थिए । सहनीलाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइएको बारा प्रहरीले जनाएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघ
जनकपुरधाम, धनुषा
स्था.: २००९

दशैं बजार सम्बन्धित सुचना

दशैं, दिपावली तथा छठपर्व २०८० को शुभ अवसरमा यहि मिति २०८० साल असोज २८ गते देखी कार्तिक ५ गतेसम्म स्थानिय गोपाल धर्मशालामा लाग्ने दशैं बजार २०८० (सस्तो बजार) सुरु भईसकेको छ । तसर्थ यस बजारबाट आ-आफ्नो आवश्यकताको दैनिक उपभोग सामान खरीद गरी मौकाको फाईदा उठाउन हुन सबैमा जानकारीको लागि अनेरोध छ ।

आयोजक
जनकपुरधाम उद्योग वाणिज्य संघ (परिवार)
जनकपुरधाम

स्थानीय सरकार
छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता (सप्तरी)
मधेश प्रदेश, नेपाल

क्याटलग सपिङबाट सवारी साधन खरिद सम्बन्धी सूचना रद्द बारेमा ।
प्रकाशित मिति : २०८०।०७।०४ गते

यस छिन्नमस्ता गाउँपालिकाले क्याटलग सपिङबाट खरिद विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८०।०६।१३ गते गरिएकोमा प्राविधिक कमिकमोजीको कारणले उक्त सूचना रद्द गरिएको जानकारी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मधेशदृष्टि
दैभव

# नेपालको दशैँ - भारतको दशैँ



सुरेश यादव



दशैँ नेपालका लागि राष्ट्रिय पर्व जस्तै हो । बहुसंख्यक हिन्दु धर्माबलम्बी समुदायको बसोबास रहेको यस मुलुकमा दशैँ धार्मिक आस्थामा मात्रै सिमित छैन । हिन्दु समुदायका लागि यो भगवतीको विशेष पूजा त छँदैछ । यस बाहेक दशैँले सामाजिक, आर्थिक, राजनैतिक, मानव अधिकार, संस्कार, संस्कृति लगायत विभिन्न क्षेत्रमा प्रत्यक्ष, अप्रत्यक्ष असर गर्ने महान् पर्व हो ।

विजया दशमीको अवसरमा राजा हुँदा पनि जस्तोसुकै अपराध गरेर पनि कैदी जीवन यापन गरिरहेकाहरुको स्वभावमा सुधार भएको वा यस्तै अन्य आधार बनाएर सजाय माफी दिने व्यवस्था थियो । सरकारी तथा गैर सरकारी निकायले अहिले पनि वर्षमा एक पटक विजया दशमीकै अवसरमा कर्मचारी, श्रमिकलाई पर्व मनाउन भनेर एक महिनाको पारिश्रमिक पाउने बराबरको रकम बोनसको रुपमा बाँड्ने परम्परा अहिले पनि कायम छ । देश, विदेशमा अध्ययन वा श्रम गर्ने सिलसिलामा गएकाहरु पनि दशैँको बेला सकभर घर फर्किन्छन् ।

दशैँलाई बोलीचालीको रुपमा विभिन्न नामले सम्बोधन गरिन्छ । बडा दशैँ, दसहरा, विजया दशमी, नौरथा, नवरात्री, नवरात्रा, आयुधपूजा, दुर्गापूजा लगायत नामले यो पर्वले पहिचान पाउँछ । दशैँ हिन्दु धर्मबलम्बीहरूले असोज महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमी सम्म शक्तिको आराधना गरी दसौँ दिन अर्थात् दशमीका दिन आफूभन्दा ठुला मान्यजनहरूको हातबाट टीका–प्रसाद ग्रहण गरेर विशेष रूपमा पुर्णिमा सम्म मनाउने गर्छन् ।

असोज शुक्ल प्रतिपदा (घटस्थापना) मा जमरा राखी नवमीसम्म नौरथा विधिले प्रत्येक दिन फरक देवीहरूको पूजा हुन्छ । प्रतिपदा देखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ति महाकाली, महालक्ष्मी र महासरस्वोतिको विशेष पूजाआजा र आराधाना गरिन्छ ।

विजया दशमीको दिन भगवतिले दानव शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्यमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन रहेको छ । असोज महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन यस पर्वको प्रमुख दिन हो । यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिइन्छ । यसकारण, यस दशमीलाई विजया दशमी भनिएको हो । आफ्ना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने–खुवाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ ।

दशैँ वर्षका तीन अत्यन्त शुभ तिथिहरूमा पर्छन्, चैतको शुक्ल एवम् कात्तिक शुक्ल प्रतिपदा तिथि । यी दिनहरूमा हिन्दुहरू नयाँ कार्य सुरु गर्दछन्, शस्त्रको पूजा गर्दछन् । विजयदशमी भगवान रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवैमा रूपमा यो शक्ति–पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो । दशैँ हर्ष एवम् उल्लास तथा विजयको पर्व हो । हिन्दु संस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो । व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैँको उत्सव सुरु भएको हो । दशैँ पर्वले दस प्रकारका पापहरू– काम, क्रोध, लोभ, मोह मद, मत्सर, अहङ्कार, आलस्य, हिंसा र चोरी त्याग्ने प्रेरणा दिन्छ ।

विजया दशमी भनिरहँदा दश दिने पर्व भनिए पनि पहिलो दिन घटस्थापना, महासप्तमी, महाष्ठमी, महानवमी र विजयादशमीको दिन विशेष महत्व राख्छ ।

## घटस्थापना

विजयादशमीको पहिलो दिन घटस्थापना हो । यसै दिनदेखि नौरथा आरम्भ हुन्छ । क्रमशः दशमीका दिन प्रातः काल मात्र यस व्रत समापन हुन्छ । यसै दिन जमरा राखिन्छ । यस दिन घट अर्थात् कलशको स्थापना गरी देवी–देवतालाई आवाहन गरिन्छ । यस दिन नदी, खोला, बगर वा आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा अथवा पञ्चमाटो ल्याई दसैँ घर वा पूजाकोठामा राखी जमरा उमार्न जौ अथवा गाउँ घरमा चलिआएको अन्न छरिन्छ ।

## महासप्तमी

नौरथाको सातौँ दिनलाई फूलपाती अथवा महासप्तमी भनिन्छ । नौरथाको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू दसैँ घरमा भित्र्याउने कार्यलाई फूलपाती भित्र्याउने भनिन्छ । वर्षा ऋतु सकिएर शरद ऋतुको स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहन सक्दैनन् भन्ने विश्वास गरिन्छ ।

## महाष्टमी

नौरथाको आठौँ दिनलाई महाअष्टमी भनिन्छ । यस दिनमा महाकाली –भद्रकालीको विशेष पूजा–आजा गरिन्छ । देवीभागवत् अनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली (करोडौँ योनी–शक्ति) का साथ अष्टमीका दिन उत्पन्न भएको पूजा गर्ने चलन छ । पूजापश्चात् यी देवीलाई बोका, कुखुरा, हाँस, राँगो आदि बलि दिइन्छ । यी दिनहरूमा मानिसहरू आ–आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बलि दिन्छन् । शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौँला, आदि फल अर्पण गर्दछन् । काठमाडौँको तलेजु भवानीको मन्दिर पनि यस दिन सर्वसाधारणको लागि खुल्ला रहन्छ । यसै दिन दसैँघर (हनुमानढोका) को मूल चोकमा तलेजु भवानीलाई ५४ राँगा र त्यत्ति नै बोका बलि अर्पण गरिन्छ ।

## महानवमी

नौरथाको नवौँ दिनलाई महानवमी भनिन्छ । यस दिन विशेष गरी सिद्धिद्धात्रि देवीको पूजा–आजा गरिन्छ । यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ ।

## विजयादशमी

नौरथाको दसौँ दिनलाई विजयादशमी पनि भनिन्छ । यस सम्बन्धमा श्रीमद्देवीभागवत नौरथा प्रकरणमा नौरथा पर्यन्त अहोरात्र व्रत बसी दशमीका दिन शुभसाहितमा भगवान रामचन्द्रले रावण माथि विजय प्राप्त गरेकाले यसलाई विजयादशमी भनिएको हो भन्ने कथन छ । यस दिनमा देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई त्यसपछि घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ । अनि घरका मोलमान्छेले भगवतीको प्रसाद स्वरूप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशीर्वाद दिन्छन् । अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दसैँको लागि तयार पारी राखिएको नयाँ लुगा लाई टीका लगाउन जान्छन् ।

## भारतमा दसैँ

विजयदशमी भगवान रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवै रूपमा यो शक्ति–पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो । हर्षोउल्लास तथा विजयको पर्व हो । संसारका कुना–कुनामा यो पर्व विभिन्न रूपमा मनाइन्छ । सिक्किममा पनि नेपालमा जस्तै घटस्थापना, फूलपाती, विजया दशमी आदि धूमधामसित मनाइन्छ, नेपालमा जस्तै दसैँ मनाउने भारतका उत्तर–पूर्वी नेपाली बसेका राज्यहरू जस्तै मेघालय, आसाम, अरुणाचल प्रदेश, नागाल्यान्ड, मणिपुर, त्रिपुरा, उत्तराखण्डको देहरादून आदि ।

विश्वका ती स्थानहरू जहाँ नेपालीहरू बसोबास गर्दैछन् । हिमाचल प्रदेशमा कुल्लू का दसहरा भनेर प्रसिद्ध छ । अन्य स्थानहरूकै जस्तो यहाँ पनि दस दिन अथवा एक सप्ताह पूर्व यस पर्वको तयारी आरम्भ हुन्छ । स्त्री–पुरुष सबै सुन्दर वस्त्रहरू पहिरिएर तुरही, बिगुल, ढोल, नगाडा, बाँसुरी आदि–आदि जोसित जो बाजा छ, लिएर बाहिर निस्कन्छन् । पहाडका मानिसहरू आफ्नो ग्रामीण देवताको धूम धामसित जुलुस निकालेर पूजा गर्दछन् । देवताहरूको मूर्तिलाई आकर्षक पालकीमा सुन्दर ढङ्गले सजाइन्छ । साथै उनीहरू आफ्नो मुख्य देवता रघुनाथजीको पनि पूजा गर्दछन् । यस जुलुसमा प्रशिक्षित नर्तक–नटी नृत्य गर्दछन् । यस प्रकार जुलुस बनाएर नगरका मुख्य भागहरू हुँदै नगर परिक्रमा गर्दछन् र कुल्लू नगरमा देवता रघुनाथजीको वन्दनासित दसैँ (दसहरा) उत्सवको आरम्भ गर्छन् । दशमीको दिन यस उत्सवको शोभा रोचक हुन्छ ।

पन्जाबमा दसहरा नौरथाका नौ दिनको उपवास राखेर मनाइन्छ । त्यसबेला यहाँ अतिथिहरूको स्वागत पारम्परिक मिठाई र उपहारले गरिन्छ । यहाँ पनि रावण–दहनको आयोजन हुन्छ अनि मैदानहरूमा मेला लाग्छन् ।

बस्तरमा दसहराको मुख्य कारणलाई रामले रावणमाथि गरेको विजय नमानेर, मानिसहरू यसको कारण माँ दन्तेश्वरीको आराधनालाई समर्पित एक पर्व मान्दछन् । दन्तेश्वरी माता बस्तर अञ्चलका निवासीहरूको आराध्य देवी हुन्, जसलाई दुर्गाको रूप मानिन्छ । यहाँ यो पर्व पूरै ७५ दिनसम्म चल्दछ । यहाँ दसहरा साउन मासको अमावाश्य देखि असोज मासको शुक्ल त्रयोदसीसम्म चल्छ । प्रथम दिन जसलाई काछिन गादि भन्दछन्, देवीसित समारोह आरम्भको अनुमति लिइन्छ । देवीलाई एउटा गद्दीमा सजाइन्छ, जसलाई काछिन गादि भनिन्छ । यो समारोह लगभग १५ औँ शताब्दीदेखि शुरु भएको बताान्छ । यस पछि जोगी–बिठाई कार्यक्रम, त्यसपछि भीतर रैनी (विजया दशमी) र बाहर रैनी (रथ–यात्रा) र अन्त्यमा मुरिया दरबार उत्सव मनाइन्छ । यो असोज शुक्ल त्रयोदसीमा ओहाडी पर्वसित समापन हुन्छ ।

पश्चिम बङ्गालमा यो पर्व दुर्गा पूजाको रूपमा नै मनाइन्छ । यो बङ्गालीको सबैभन्दा महत्त्वपूर्ण पर्व हो । बङ्गालमा पाँच दिनसम्म यो पर्व मनाइन्छ । यहाँ देवी दुर्गालाई भव्य सुशोभित पण्डालहरूमा सजाइन्छ । देशका नामी कलाकारहरू बोलाएर दुर्गाको मूर्ती तयार गरिन्छ । यसका साथै अन्य देवी देवताहरूको पनि मूर्तिहरू बनाइन्छ । पर्वको समयमा शहरका सानातिना स्टलहरू पनि मिठाईले भरिन्छन् । यहाँ षष्ठीको दिन दुर्गा देवीको बोधन, आमन्त्रण एवं प्राण प्रतिष्ठा आदिको आयोजन गरिन्छ । त्यसपछि सप्तमी, अष्टमी एवं नवमीका दिन बिहान र साँझ दुर्गाको पूजामा व्यतीत हुन्छन् । दशमीको दिन विशेष पूजाको आयोजन गरिन्छ । प्रसाद चढाइन्छ र प्रसाद वितरण गरिन्छ । पुरुष आपसमा आलिंगन गर्दछन्, जसलाई कोलाकुली भनिन्छ । स्त्रीहरूले देवीको शीरमा सिन्दूर चढाउँछन् र देवीलाई आँशु झार्दै विदाइ दिन्छन् । यसका साथै उनीहरू आपसमा पनि सिन्दूर लगाउँछन् र सिन्दूर खेल्छन् । यस दिन यहाँ नीलकण्ठ पंक्षीको दर्शन शुभ मानिन्छ । त्यसपछि देवी प्रतिमाहरूलाई ठुला–ठुला ट्रकहरूमा हालेर विसर्जनको निम्ति लगिन्छ । विसर्जनको यो यात्रा पनि साह्रै शोभनीय र दर्शनीय हुन्छ ।



तमिलनाडु, आन्ध्र प्रदेश एवम् कर्नाटकमा दसहरा नौ दिनसम्म चल्छ जसमा तीन देवीहरू लक्ष्मी, सरस्वती र दुर्गाको पूजा गरिन्छ । पहिला तीन दिन लक्ष्मी – धन र समृद्धिकी देवीको पूजन हुन्छ । दोस्रो तीन दिन सरस्वती– कला र विद्याकी देवीको अर्चना गरिन्छ र अन्तिम दिन देवी दुर्गा–शक्तिकी देवीको स्तुति गरिन्छ । पूजन स्थललाई राम्ररी फूलहरूले र दीपकहरूले सजाइन्छ । मानिसहरू एक–अर्काप्रति मिठाई र लुगाहरू आदान–प्रदान गर्दछन् । यहाँ दसहरा नानीहरूको निम्ति शिक्षा या कला सम्बन्धि नयाँ कार्य सिक्नकालागि शुभ समय मानिन्छ ।

कर्नाटकमा मैसूरको दसहरा विशेष उल्लेखनीय छ । मैसूरमा दसहराको समय पूरै शहरका गल्लीहरू रोशनीले सजाइन्छ र हात्तीहरूलाई सिंगारेर शहरभरि एक भव्य जुलूससित घुमाइन्छ । यस समय प्रसिद्ध मैसूर महललाई दीपमालिकाहरूले सजाइन्छ । यसका साथै मानिसहरू टचैलाइट लिएर नाँच–गान गरी आनन्द लिन्छन् । यी द्रविड प्रदेशहरूमा रावण–दहनको आयोजन गरिदैन ।

गुजरातमा मिट्टी सुशोभित रङ्गीन घडा देवीको प्रतीक मानिन्छ र यसलाई कुमारी केटीहरूले सिरमा राखेर एउटा लोकप्रिय नृत्य गर्छन् जसलाई गरबा भनिन्छ । गरबा नृत्य यस पर्वको महत्त्वपूर्ण अङ्ग हो । पुरुष एवं महिलाहरू दुईवटा साना–साना रङ्गाएका लौरा लिएर सङ्गीतको लयमा आपसमा बजाउँदै घुमेर नृत्य गर्दछन् । यस अवसरमा भक्ति, फिल्म तथा पारम्परिक लोक–सङ्गीत सबै थोकको समायोजन हुन्छ । पूजा र आरतीपछि डांडिया रास रातभरि गरिन्छ । नौरथामा सुन र गहना किन्नु शुभ मानिन्छ ।

महाराष्ट्रमा यस अवसरमा सिलंगणको नामले सामाजिक महोत्सवको रूपमा मनाइन्छ । साँझको समयमा सबैजना सुन्दर–सुन्दर नयाँ लुगा लगाएर गाँउको सीमा पार गरेर शमी वृक्षका पातको रूपमा ‘स्वर्ण’ (सुन) लिएर आ–आफ्नो गाउँ फिर्छन् । फेरि त्यस स्वर्णलाई परस्परमा आदान–प्रदान गर्दछन् ।

महाराष्ट्रमा नौरथाका नौ दिन माँ दुर्गालाई समर्पित गरिन्छ, जब कि दसौँ दिन ज्ञानकी देवी सरस्वतीको वन्दना गरिन्छ । यस दिन विद्यालय जाने बालबालिका आफ्नो पढाईको निम्ति आशीर्वाद माग्न माता सरस्वतीका तान्त्रिक चिह्नहरूको पूजा गर्छन् । कुनै पनि कुरालाई शुरु गर्न विशेष गरी विद्या शुरु गर्न यो दिन अति शुभ मानिन्छ । महाराष्ट्रका मानिसहरू यस दिनलाई विवाह, गृह–प्रवेश एवं नयाँ घर किन्ने शुभ मुहूर्त मान्दछन् ।

कश्मीरका अल्पसङ्ख्यक हिन्दु नौरथाको पर्वलाई श्रद्धासित मनाउँछन् । परिवारका सबै वयस्क सदस्य नौ दिनसम्म खालि पानी खाएर उपवास बस्छन् । अत्यन्त पुरानो परम्परा अनुसार नौ दिनसम्म मानिसहरू माता खीर भवानीको दर्शन गर्न जान्छन् । यो मन्दिर एउटा तालको बीचमा बनाइएको छ । बताइन्छ कि देवीले आफ्ना भक्तहरूसित भनेकी थिइन्ः ‘जब कुनै अनर्थ हुने सम्भावना हुन्छ त्यसबेला सरोवर (ताल)को पानी कालो हुनेछ ।’ भनिन्छ कि इन्दिरा गान्धीको हत्याको ठीक एक दिन पहिला र भारत–पाकिस्तान युद्धको पहिला यहाँको पानी साँच्चै कालो भएको बताइन्छ ।

# लौकिक दशैँः शास्त्रीय दशैँ



• सञ्जय साह मित्र







आज संस्कृतिको लेख्य रुप, भिडियो वा चलचित्र रुप तथा बौद्धिक रुप गरी सबै किसिमले संरक्षण गर्ने परिपाटी वा विज्ञानको विकास भइसकेको छ।

कुनै संस्कृति कसरी मनाइन्छ ? कहिले मनाइन्छ ? कहाँ मनाइन्छ ? कसले मनाउँछन् ? आदि प्रश्नहरुको जवाफको खोजी गरिन थालिएको छ। यसको जवाफ लिखितरुपमा खोज्न सकिन्छ वा दिन सकिन्छ। धेरै संस्कृतिको लेख्य रुप पनि पाइएको छ।

यिनै प्रश्न वा पक्षको बारेमा कोही जानकार वा मनाउनेले बोल्ने हो भने त्यसलाई रेकर्ड गर्न सकिन्छ। यस किसिमको रेकर्ड हुँदा प्रश्न सोध्ने पनि जान्ने हुनुपर्छ र उत्तर दिने झन् जान्ने हुनुपर्छ। दुवै जना कमजोर वा काम चलाउ छन् भने संस्कृतिको यथार्थ आउन बाँकी नै रहन्छ।

संस्कृतिलाई भिडियो रेकर्ड गर्ने दुई तरिका छन्। एक त अत्यन्त स्वाभाविक रुपमा मानिँदै गरिएको अवस्थामा रेकर्ड गर्ने हो। र, त्यस किसिमको वातावरण बनाएर रेकर्ड गर्ने हो। पहिलो प्राकृतिक हुन्छ भने दोस्रो आयोजित।

यहाँ विचारणीय पक्ष यही हो कि कुनै पनि लेख्य सामग्रीभन्दा कथ्य सामग्री पुरानो हो। मानिसले लेख्न सिक्नुभन्दा धेरै पहिलेदेखि बोल्न सिकेको हो। बोल्न सिकेपछि त्यसलाई व्यवस्थित रुपमा अभिव्यक्त गर्न जानेको हो। व्यवस्थित रुपमा अभिव्यक्त गर्न जानेपछि बल्ल आफ्नो संस्कृति अरुलाई बताउन थालेको हो। त्यसभन्दा पहिले संस्कृति देखाउन वा प्रदर्शन गर्नभन्दा मान्न-मनाउन नै महत्वपूर्ण थियो।

हाम्रो समाजमा अहिले पनि दुई किसिमको संस्कृति विद्यमान छ : लौकिक र शास्त्रीय।

लौकिक संस्कृतिमा कुनै शास्त्रीय मन्त्र वा पुस्तक पाठको आवश्यकता पर्दैन। यस प्रकारको संस्कृति वा पर्व वा पूजा मान्न-मनाउन जसले मान्ने गरेको छ, उसैको भूमिका महत्वपूर्ण हुन्छ। निर्णायक हुन्छ, कुनै शास्त्रको औपचारिकताको आवश्यकता पर्दैन। तर, शास्त्रीय पर्व वा संस्कृति वा पूजामा भने विभिन्न गणना, औपचारिकता तथा शास्त्रको आवश्यकता पर्दछ। तुलनात्मक रुपमा लौकिक पर्व परिवर्तनशील हुन्छ भने शास्त्रीय पर्व कम परिवर्तनशील हुन्छ। हाम्रो समाजमा सबैभन्दा बढी दिनसम्म लगातार मनाइने दशैँको लौकिक र शास्त्रीय दुवै स्वरुप पाइन्छ।

लौकिक दशैँ मुख्यतया ग्रामीण क्षेत्रमा मानिन्छ वा मनाइन्छ भने शास्त्रीय दशैँ मुख्य रुपमा बजार क्षेत्रमा मानिन्छ। लौकिक दशैँ बढी अनौपचारिक हुन्छ भने शास्त्रीय दशैँ पूर्णतया औपचारिक हुन्छ। यद्यपि लौकिक दशैँ सहरमा पनि र शास्त्रीय दशैँ गाउँमा पनि देख्न पाइन्छ। कतिपय अवस्थाम दशैँ लौकिक र शास्त्रीय दुवैको सम्मिश्रण पनि बन्न पुगेको पाइन्छ।

मधेशी लोकजीवनको ग्रामीण आस्था देवी भगवतीसित जोडिएको छ। यसको उदाहरण, हरेक गाउँमा अनिवार्य रुपमा एउटा बर्हम र एउटा भगवतीको मन्दिर हुन्छ नै। मन्दिरलाई गहबर भन्ने गरिएको पाइन्छ। एउटा गाउँ हुनको लागि वा छुट्टै गाउँ कहलिनको लागि गाउँमा बर्हम र भगवतीको मन्दिर चाहिन्छ नै। गाउँघरमा महारानी भनेर पनि यही गहबरकी सात बहिनी जगदम्बालाई बुझाउँछ। यो परम्परागत मान्यता हो। यद्यपि अहिले पनि हरेक गाउँमा गहबर अनिवार्य छ।

गहबरमा हरेक शुभ कार्यमा अनिवार्य पूजा हुन्छ। आफ्नो घरमा श्री सत्यनारायणको पूजा होओस्, कूल देवताको पूजा होओस् चाहे विवाह होओस्। मधानी, लखराँओ, अठजाम चाहे अन्य कुनै विशेष धार्मिक कार्य होओस्, घरपरिवारले अनिवार्य रुपमा गहबरमा पूजा गर्दछ नै। हरेक गाउँमा गहबर हुने भएकोले कतिपलये बर्हम र भगवतीलाई ग्राम देवता मानेका छन्।

दशैँमा बर्हम तथा भगवतीको पूजा हरेक दिन हुन्छ र मुख्य गरी सप्तमीदेखि नवमीसम्म विशेष पूजा हुन्छ। हरेक घरले अनिवार्य पूजा गर्दछ। र, प्रायः गाउँमा वर्षको एकपटक सार्वजनिक पूजा हुन्छ जसलाई गमाला पूजा भनिन्छ। अधिकांश गाउँमा दशैँको नवमी तिथिका दिन गमाला पूजा हुने गर्दछ।

अनन्त नाम हुन्छन् देवीदेवताका। हरिका हजार नाम भन्दछन्। दशैँमा सबैतिर देवीको पूजा, भवानीको पूजा हुन्छ भनेर भनिन्छ। लोकदशैँ र शास्त्रीय दशैँमा पूजा हुने देवीको नाम पनि फरक रहेको पाइन्छ।

लोकदशैँमा सात बहिनी जगदम्बाको पूजा हुन्छ भनिन्छ। गहबरहरुमा पनि सात स्थान पिढिया बनाइएको हुन्छ। जानकारहरु बताउँछन् - सात बहिनी जगदम्बामा बुढियामाई, फूलमत, राजल, शीतल, डकही, बगेसरी र जगदम्बा छन्। के मानिन्छ भने यी सात बहिनी जगदम्बा आजन्मा छिन् अर्थात् आफैँ उत्पन्न भएका हुन्। बुढियामाईलाई आदिशक्ति ( आदशक्ति/आद्यशक्ति) मानिन्छ। उनैबाट सृष्टिको सिर्जना भएको हो। बुढियामाईको नाभी (नाइटो)बाट ब्रह्मा, विष्णु तथा महेशको उत्पत्ति भएको छ। सरस्वती, लक्ष्मी र पार्वती बुढियामाईकै अलग अलग रुप हुन्। सात बहिनी जगदम्बा नै ब्रह्माण्डको उत्पत्तिकर्ता, पालनकर्ता तथा संहरकर्ता पनि हुन्। बुढियामाईको इच्छानुसार आफ्नो सन्तानबाट सृष्टि चलाउन विभिन्न स्त्रीरुपमा ब्रह्मा, विष्णु तथा महेशसित विवाह भएको हो।शक्ति यिनै हुन्। यिनकै शक्तिले ब्रह्माण्डमाा शक्तिको व्यापकता भएको छ। शक्तिको आदि स्रोत यिनै हुन्। चराचर जीव यिनकै सन्तान हुन्।

मधेश प्रदेशको गरुडा नगरपालिकाअन्तर्गत वडा नम्बर २ मा रहेको पुर्नीगेडहीमा बुढियामाईको नइहर (माइती) रहेको मानिन्छ। धेरैलाई थाहा नहोला तर यस क्षेत्रको सबैभन्दा पुरानो गाउँ पुर्नीगेडहीमा रहेको जगदम्बा मन्दिरको माटो लगेर धेरै गाउँमा जगदम्बा मन्दिर बनाइएको छ अर्थात् गाउँलाई औपचारिक गाउँ बनाइएको छ। यस गाउँमा रहेको कानुकुल/कानुवंशमा बुढियामाईको माइती रहेको मान्यता/मिथक रहेको छ (हेर्नुहोस्, कान्तिपुर दैनिक २५ असार २०७९ र शीतल गिरीको 'प्रसंगवश' कृति)। आजसम्म पनि महानवमीका दिन सबैभन्दा यसै कुलकाले देवीको प्रथम पूजा गर्ने चलन रहेको छ। यस पङ्क्तिकारकी आमाले बुढियामाईलाई माई वा दाई भनेर सम्बोधन गर्दा बुढियामाईले हप्काउने गरेको र फुआ (फुपू) भनेर सम्बोधन गर्न अह्राउने गरेको सुनिन्छ। (मेरी आमाले अझै पनि यस कुरालाई दोहोर्‍याउने गर्नुभएको छ।) आस्था र श्रद्धा कुनै पनि सीमाभन्दा विशाल हुने हुन्छ। यो असिम हुन्छ, अनन्त हुन्छ।

अझै पनि गाउँघरमा यो चलन रहेको छ कि जगदम्बा मन्दिरमा पाठीको बलि दिइन्छ। साथै स्वाभाविक रुपमा लोकदशैँमा जगदम्बा मन्दिरको साथै गाउँमा रहेका अन्य लोकदेवीदेवताको पनि पूजा हुन्छ। भाकल (मनौती)अनुसार अन्य देवदेवीलाई पनि बलि प्रदान गरिन्छ।

लोकदेवी सात बहिनी जगदम्बाको प्रतिमा बनाएर सायदै कतै पूजापाठ गरिन्छ होला। तर शास्त्रीय देवी दुर्गाको पूजा सर्वत्र प्रतिमा/मूर्ति बनाएर अत्यन्त भव्यताका साथ गरिन्छ। धेरैलाई जानकारी छ, शास्त्रीय दशैँमा नवदुर्गाको पूजा गरिन्छ। नवदुर्गामा क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री हुन्। यसै अवधिमा महाकाली, महालक्ष्मी र महासरस्वतीको पूजा गरिन्छ। नवदुर्गा देवीको हरेक रुपको आफ्नै महिमा र कहानी रहेको छ जसको वर्णन शास्त्रहरुमा पाइन्छ। विभिन्न पुराणहरुमा श्रीमद्देवी भागवत महापुराणमा विस्तृत रुपमा देवी भगवतीको बारेमा चर्चा गरिएको छ। वेदव्यासले नै लेखेको देवी भागवत महापुराणमा जगतजननी सर्वव्यापी सर्वशक्तिमान देवीको आराधना, गुण, शक्ति आदिको वर्णन, दर्शन, प्रकृतको निर्माण, त्यसको संचालन तथा संहार तिनओटै देवतालाई आफ्नो इच्छा शक्तिअनुसार उत्पन्न गर्नेसम्बन्धी पूर्ण व्याख्या गरिएको छ। १८००० (अठार हजार) श्लोक तथा ३२८ अध्याय रहेको यस महापुराणको रचना लगभग पाँच हजार वर्ष पहिले भएको मानिएको छ। यसमा आदिशक्ति दुर्गालाई मानिएको छ र आदिशक्ति तथा दुर्गालाई पर्यायवाची पनि बताइएको छ। यसबाट यो सिद्ध हुन आउँछ कि देवीलाई सर्वशक्तिमान मानिएको छ।

नवदुर्गाको पूजामा विभिन्न शास्त्रीय मन्त्र वा श्लोकहरु वाचन/जाप गरिन्छन्। पूजामा शास्त्रीय विधि अपनाइन्छ। विधिपूर्वक घटस्थापन गरिएको हुन्छ र विधिपूर्वक नै समापन वा पूर्णाहुति पनि गरिन्छ। सामान्य मान्यता यो रहेको छ कि नवदुर्गा प्रतिमाअगाडि वा निर्धारित स्थानमा बोकोको बलि दिइन्छ। गाउँघरमा अहिलेसम्म हाँस तथा राँगोको बलि जगदम्बा मन्दिर दिइएकोसुनिएको छैन।

लौकिक आस्थाको दशैँ दशमीको दिन पूर्णतया समापन हुन्छ। नवमीको दिन पूजा गरेर पूजा सम्पन्न हुन्छ र दशमीको जमरा (जई) कानमा हाल्ने तथा टुपीमा बाँध्ने, आशीर्वाद ग्रहण गर्ने पारम्परिक चलन छ। अनि कतै मेला लागेको छ भने त्यहाँ हेर्न जाने प्रवृत्ति रहेको छ। यद्यपि यो निकै पछि चलेको हो। परम्परादेखि नै चलिआएको लोकदशैँमाथि शास्त्रीय दशैँको हस्तक्षेप विस्तार भइहेको छ। लोकदशैँका परम्परागत गीत, भजन, भगतई, झिझियाका गीतहरु निरन्तर लोप भइरहेका छन्। यीमध्ये झिझियाले आधुनिक स्वरुप प्राप्त गर्न खोजिरहेको छ तर अन्य धेरै पुरातन मान्यता तथा मौलिकताहरु हराउन थालेका छन्। परम्पराको खोजी गर्ने, वास्तविकता जान्ने, संरक्षण गर्ने तथा भावी पुस्ताका लागि जोगाएर राख्ने प्रवृत्ति र प्रकृति नै अहिले सम्बन्धितमा जाग्न सकेको छैन जसको अभाव छ।

दशैँको महत्व सबैको लागि छ र यसले जसरी वर्तमान समाजसित आफ्नो सम्बन्धलाई गाढा बनाएको छ त्यसले गर्दा यो पनि भन्न सकिन्छ कि यसको महत्व सधैँको लागि छ। जसरी अनादिकालदेखि यो संस्कृति चलिरहेको छ, त्यसरी नै यो अनन्त कालसम्म पनि चलिरहने कुरामा विश्वास गर्न सकिन्छ।

# पण्डितको नजरमा नव दुर्गा र दशैँ

**- सूर्यकुमार पण्डित**

नौ दिनसम्म देवीको पूजा आराधना र स्तुति गरी दशौँ दिन देवीको विसर्जन गरी टीका, प्रसाद ग्रहण गरेकाले नव दुर्गा वा दसैँ भनिएको हो । यो नव दुर्गा वा दसैँ पहिला पहिला वर्षको चार पटक आषाढ शुक्लपक्ष, आश्विन शुक्लपक्ष, माघ शुक्लपक्ष, चैत्र शुक्लपक्षमा मनाउने गरिन्थ्यो अरे । हाल आषाढ शुक्लपक्ष र माघ शुक्लपक्षमा मनाउने चलन हटिसकेको छ भने चैत्रमा पनि केवल महाअष्टमी र महानवमीमा मात्र । चलन चल्तीमा हाल आश्विन वा शारदीय दसैँ भनी आश्विन शुक्लपक्षलाई नव दुर्गा वा वडादसैँ भनी मनाउने चलन पाइन्छ । यो समयमा वर्षा पनि हटिसकेको, शरद ऋतु रमाइलो, न जाडो न गर्मी मनोरम, जताततै फूलैफूल रमाइलो भएकाले यो सिजनको दसैँलाई समाजले हालसम्म जीवन्त बनाइराखेको पाइन्छ । यो नव दुर्गा वा दसैँ मनाउने चलन पनि देश, क्षेत्र, समुदाय वा जाति अनुसार फरक फरक रूपले मनाएको पाइन्छ । बहुसङ्ख्यक हिन्दुहरू भएका देशहरू नेपाल, भारत, बर्मा, इन्डोनेसिया, मडगास्कर र हाल रुसमा पनि हिन्दुहरू रहेका छन् भन्ने पाइएको छ । हाल त विश्वका विभिन्न देशमा हिन्दुहरू रहेको पाइन्छ । केही जातिले रातो टीका, कसैले सेतो टीका, कसैले नीलो टीका पनि लगाएको देखिएको छ । किन मनाइन्छ ? यसको परम्परा के हो ?

यो नव दुर्गा वा दशैँ मनाउनमा मुख्यतया दुई वटा घटना वा परम्परा देखिन्छ । त्यसमा पहिलो हो देवी (शक्ति, सत्य) ले असुर (असत्य) माथिको विजय र दोश्रो हो राम (सत्य) ले रावण (असत्य) माथिको विजय । आखिर सत्यले असत्यलाई हराएर विजय हासिल गरेको उपलक्ष्यमा मनाइएको उत्सव नै विजया दशमी वा नव दुर्गा वा दसैँ भन्ने बुझिन्छ ।

यसको पहिलो कथाको संस्कृतिक आधार यस प्रकारको पाइन्छ । मार्कण्डेय पुराण अन्तर्गतको दुर्गासप्तसतीमा तीन वटा टुक्रे कथा रहेका छन् । यसको पहिलो अध्यायमा विष्णु र मधु कैटभ नामका असुरहरूबिच भएको लडाइँमा विष्णुले विजय हासिल गरेकाले विजया दशमी मनाउन थालियो भन्ने पाइन्छ । तर यस घटनामा विष्णुलाई ब्युँझाउने प्रमुख काम देवीले गरेको हुँदा देवीकै स्तुति गरिन्छ । यसलाई दुर्गादेवीको प्रथम चरित्र पनि भनिन्छ । दोस्रोदेखि चौथो अध्यायमा दुर्गादेवी र महिषासुरबिच भएको युद्धमा देवीको विजय भयो भन्ने कथा छ । पाँचौँदेखि तेह्रौँ अध्यायमा दुर्गादेवी र शुम्भ निशुम्भबिच भएको युद्धमा पनि देवीको विजय भयो अरे । त्यही विजयको सम्झनामा विजय दशमी मनाउने परम्परा हालसम्म चलेको हो भन्ने पाइन्छ । ती असुरहरूले देवीमाथि कुदृष्टि राखेकाले देवी (सत्य) ले ती कुदृष्टि राख्ने असुर (असत्य) माथि विजय हासिल गरेको सम्झनाम यो दिवस मनाइएको भन्ने पाइन्छ ।

यसको दोस्रो कथाको संस्कृतिक आधार पनि यस प्रकारको पाइन्छ । मर्यादा पुरुषोत्तम रामचन्द्र वनवासमा हुँदा रावणले हरण गरेर सीतालाई लङ्का लग्यो रे । सीता लिन श्रीलङ्का जान लाग्दा हालको भारतको रामेश्वरम् समुन्द्र तटमा श्रीरामले शिवलिङ्ग स्थपना गरी नौ दिनसम्म शिवजीको आराधना गर्नुभयो । शिव पार्वती नै त्यही आएर श्रीरामलाई समुन्द्र तरेर लङ्का जान, रावणलाई मार्न र सीतालाई ल्याउन अशीर्वाद, उपाय र हतियारसमेत दिनु भयो अरे । सोही अनुसार रावण मारी सीतालाई लिएर रावणकै पुष्पक विमानमा चढेर अयोध्या गएकोमा अध्यावासीले विजयोत्सव मनाएको सम्झनामा हालसम्म पनि विजया दसैँ मान्ने परम्परा रहेको भन्ने पाइन्छ । यी सबै घटना चैत्र महिनामा भएको हो कि जस्तो पनि देखिन्छ । किनकि चैत्र शुक्ल पक्षलाई चैते दसैँ र नवमीलाई रामनवमी मान्ने चलन हालसम्म चलिरहेको पाइन्छ ।

संसारभरका हिन्दुहरूको महान् चाड नव दुर्गा वा दसैँ हो । यो चाड २०८० आश्विन २८ गतेबाट सुरु हुँदै छ । नव दुर्गाको पहिलो दिन आश्विन शुक्ल प्रतिपदाबाट सुरु भएर विजया दशमी हुँदै कोजाग्रत पूर्णिमासम्म रहन्छ । नव दुर्गाको पहिलो दिनलाई घटस्थापना भनिन्छ र यस दिनलाई मातामह श्राद्ध या सोह्रश्राद्धको अन्तिम दिन पनि पर्दछ । घटस्थापना भन्नाले कलशसहित नव दुर्गा देवीको स्थापना गरी पूजा, आराधना र उपासना गर्ने, चण्डी वा दुर्गा सप्तशतीको पाठ गरिन्छ । यो नव दुर्गामा २ वर्षदेखि १० वर्षसम्मका ९ जना कन्यालाई नव दुर्गाको स्वरूप हरेक दिन १–१ जना कन्यालाई पूजा गरिन्छ । नव दुर्गाको पहिलो दिन वा घटस्थापनाका दिनदेखि घर घर वा देवी मन्दिरमा दियो, कलश, अर्ध, गणेश र शङ्खघण्टको पूजा गरी दुर्गादेवीको स्थापना गरिन्छ । देवी स्थापना गर्दा निम्न मन्त्रोच्चारण गरिन्छ ।

*ॐ नमोदेव्यै महादेव्यै शिवाय सततं नमः । नमः प्रकृत्यै भद्रायै नियता प्रणतास्मताम् ॥*

*ॐ गुह्यति गुह्य गोप्त्री त्वं गृहाणस् मत्कृतं जपम् । सिद्धिर्भवतु मे देवी त्वत् प्रसादान् महेश्वरी*

*ॐ जयन्ति मंगला काली भद्रकाली कपालिनी । दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमस्तुते ।*

यसरी विधिपूर्वक स्थापना गरेको कलशको मुनि राखेको उम्रेको जौ नै जमरा (वयोरोपण) हो । तर सजिलोका लागि टपरी वा अन्य चिजमा जौ, धान, मकै, गहुँ आदि मिसायर भए पनि बालुवामा राखिन्छ । जमरा राखेपछि कुष्माण्डा बलि कुभिण्डो र कृश बलि तिल चामलको बलि पनि चढाइन्छ । र साँझमा दीपावली गरिन्छ ।

पहिलो दिनदेखि क्रमशः दशमी दिन देवी विसर्जन नगर्दासम्म नव दुर्गा शक्तिस्वरूपादेवी महाकाली, महालक्ष्मी र महासरस्वतीको पूजा र स्तुति आदि गरिन्छ ।

छैटौँ दिनको साँझमा बेलको रूखमुनि गएर बेलको पूजा गरिन्छ । भूत, प्रेत, सर्प आदिका लागि बलि दिइन्छ । भूत, प्रेतको बलि

**दिँदाको मन्त्रः**

वेतालाश्च पिशाचाश्च राक्षसाश्च सरीसृपा । अपसर्पन्तु ते सर्बे दुर्गापूजां करोम्यहम् ।

**सातौँ दिनः फूलपाती भित्र्याउने दिन**

यस दिन सरस्वतीको पूजा गरिन्छ । कापी, कलम, पुस्तक सरस्वतीमा चढाई सरस्वतीस्तोत्रले मन्त्रपुष्पाञ्जली गरिन्छ ।

शुक्लां ब्रह्मा विचार सार पदमा माध्याम् जगत् व्यादिनी । वीणा पुस्तक धारिणी मभयदाम् जाड्यान्दकारा पाहम् ॥

हस्तेस्फाटिका मालिकां विदधतिं पद्मांसने संस्थिताम् । वन्देतां परमेश्वरीं भगवती बुद्धिम् प्रदाम् शारदां ॥

या कुन्देन्तु तुसार हार धवला यात्रशुब्र बस्त्रा वृता । या वीणा वरदण्ड मण्डित करा या श्वेत पद्मा सना ॥

या ब्रह्मा च्यूत शंकरा प्रवृतिभै देवै सदा वन्दिताम् । सामां पातु सरस्वती भगवती निशेष्य चाहाड्या पाहा ॥

यो दिन मुख्यतया फूलपाती भित्र्याइन्छ र भद्रकालीको पूजा गरिन्छ । फूलपातीमा ९ थरीका फूल वा पत्रिका (पातहरू) हुन्छन् । यसलाई नवपत्रिका पनि भनिन्छ । ती नौ थरी फलमाः केरा, दाडिम, धान, हलेदो, जलुको, लट्टे, बेल, जयन्ती र अशोक हुन्छन् । यस दिन राति कालरात्रि गरिन्छ ।

**आठौँ दिनः**

यस दिन सप्तमीमा भित्र्याएको नवपत्रिकाको षोडाशोपचारले पूजा गरिन्छ । यसै दिन ठाउँ ठाउँका देवीमन्दिर वा कोटहरूमा पञ्चबलि दिने पनि चलन छ । पञ्चबलिमा बोका, राँगा, भेडा, कुखुरा, हाँसको बलि दिई पूजा गरिन्छ । शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौँला, मूला आदि फल अर्पण गर्दछन् । साथै यस दिन अस्त्र (हतियार) तथा सस्त्र औजारहरूको पूजा, कोटको पूजा, भैरव र सिंहको पूजा पनि गरिन्छ ।

काठमाडौँको तलेजु भवानीको मन्दिर यस दिन मात्र सर्वसाधारणका लागि खुल्ला रहन्छ । दसैँघर (हनुमानढोका) को मूल चोकमा तलेजु भवानीलाई ५४ राँगा र त्यत्ति नै बोका बलि अर्पण गरिन्छ ।

**नवमी**

नव दुर्गा पूजा भनेर केराको पातमा नौ थुप्रा चामलमा पैसा, जनै सुपारी आदि राखेर ॐ ऐं ह्रीं क्लीं भन्ने बीज मन्त्रले अग्निस्थापना समेत गरी पूजा गरिन्छ । यसमा कुभिण्डो, बेल वा नरिवलको बलि दिइन्छ । यसरी पूजा गर्दा निम्न मन्त्रको उच्चारण पनि गरिन्छ ।

प्रकृतिस्त्वं च सर्वस्य गुणत्रय विभाविनी । कालरात्री महारात्री मोहरात्रिश्च दारुणा ॥

यस दिन पहिलादेखि पूजा गरेका कन्यालाई पुनः एकै स्थानमा जम्मा गरी पुनः पञ्चोपचारले पूजा गरिन्छ ।

साथै यस दिन वाहनहरू हात्ती घोडा, मोटर र मेसिनहरूको पूजा गरिन्छ ।

**विजया दशमीः देवी विसर्जन**

यस दिन पहिला पितृदेवता, कुलदेवता र इष्टदेवता, नाग, क्षेत्रपाललाई पहेलो चन्दन, सेता अक्षता र जमरा अर्पण गरिन्छ ।

त्यसपछि अपराजिता देवीको निम्नानुसार प्रार्थना गरिन्छ ः

जया देवी जगन्माता विश्वेश्वरी विमोहिनिम् । प्रसिद्ध मम कल्याणी बाञ्छासिद्धिः करी भवः ॥

देवीको विसर्जन पूजा गर्दा घटस्थापनामा स्थापना गरेको कलश, देवी र नवमीमा केरापातमा स्थापना गरेकी दुर्गादेवीलाई अपराजिता देवी मानी त्यसको दायाँ जया र बाँयामा विजया देवी मानी समीपत्र लगायत (रामले समीको स्तुति गरेकाले) पञ्चपल्लभ चढाई षोडाशोपचारले देवीको पूजा गरिन्छ । यसलाई देवी विसर्जनको पूजा भनिन्छ र विसर्जन गर्दा निम्न मन्त्रले स्तुति गरिन्छ ।

प्रथमं शैलपुत्रीच द्वितीयं च ब्रह्मचारिणी
तृतीयं चन्द्रघण्टति कूष्माण्डेतिं चतुर्थकम् ॥
पंचमं स्कन्दमातेति षष्ठी कात्यायनीति च ।
सप्तमं कालरात्रीति. महागौरीति चाष्टमम् ॥
नवमं सिद्धिदात्री च नव दुर्गाः प्रकीर्तिताः ।
उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मनाः ॥

यसरी दशमीका दिन देवी विसर्जन गरे पछि तिनै अपराजिता देवीको प्रसाद (चन्दन, अक्षता र जमरा) लगाइन्छ । यस्तो टीका बुबा, आमा, हजुरबा, हजुरआमा तथा ठूलाबडा, गुरु, पुरोहित र अन्य मान्यजनहरूका हातबाट लगाउने र आशीर्वाद थाप्ने चलन छ । यसरी *टीका जमरा थाप्दा पुरुषहरूका लागि आशीर्वादका रूपमा निम्न श्लोक भन्ने चलन छ ।*

*आयु द्रोणसुते श्रीयो दसरथे शत्रुक्षयं राघवे । ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दु¥योधने ॥*

*दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते । विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥*

# जीव हत्या–कति धर्मसम्मत ?



**आर.के.साह**



धर्मको नाममा पशुपंक्षीको नृशंस हत्या गर्ने प्रवृतिप्रतिको विरोध आज भन्दा २ दशक पूर्व २०६१ सालको असोज महिनामा अध्यात्म चिन्तक रवीन्द्र साहले अस्तित्व आन्दोलनको उद्घोष गरि जनकपुरधामको धार्मिक पवित्रतालाई वचाउनकालागि अनशन वसेका थिए । उंहाले आरम्भ गर्नु भएको अभियानलाई निरन्तरता दिंदै २०८० साल कार्तिक ३ गते जनक चौकमा पशुपंक्षिलाई वलि न दिनकालागि जनचेतना जगाउनकालागि धनुषाको हरिहरपुरका मुसहर समुदायले झिभिया नृत तथा प्रवचन र कावि गोष्ठि गरि भव्यताका साथ मनाएको छ जो सराहनीय छ ।

आज हाम्रा जनकपुरधाममा फेरि दशैं पुजाको रमझम शुरु भइसकेको छ । यसै अवसरमा पशुबलि प्रदान न गर्न दैनिक विश्व जागरण सम्पादक रविन्द्र साहले सुरुगरेको जीवहत्य वन्द गर्ने कार्यलाई अस्तित्व संरक्षण समितिका अध्यक्ष वरिष्ठ पत्रकार राजेश्वर नेपाली,गायत्री परिवार,कविर आश्रम, ओम शान्ति, लगायत केही संघ संस्थाहरु समेतले अनुरोध गरेको देखिन्छ । के माता दुर्गाको आराधना हामी सात्विक विधि अर्थात फलफुल, मिष्टान, बस्त्र आभूषण आदि अर्पण गरेर गर्न सक्दैनौ ? नरिवल र दुधको धार अर्पण गरेर पनि माता दुर्गाको उपासना गरिएको उल्लेख हाम्रै धर्म शास्त्रमा भएको पनि पाइन्छ । यही जानकी मन्दिरमा फलफुल मिठाई र गहना चढाएर माता जानकीको मनौती उतार्न गरेको परम्परा युगौदेखि चलिआएको छ भने यसै जनकपुरमा राम मन्दिर भित्र यसरी मार धन्दा विधि मुताविक हजारौँ नीरिह बोकालाई हत्या क्रमवध गर्नुको भला के औचित्य ?

यसै सिलसिलामा कुरा उठदा मेरा केही मित्रहरुले के तर्क दिन पनि गरेको सुनियो भन्ने दशैं पूजामा यस्ता बलि दिइनु एउटा चलन झै भइसकेको मानी राख्या छौ । तर हुंदा हुंदै अब त यहां राम मन्दिर वरिपरि जुन विभत्स द्दश्य उत्पन्न भएको द्दष्टिगोचर हुन थालिएको छ त्यो त अति नै हुन लाग्यो ।

आदि... आदि । वैचारिक मंथनको द्दष्टिकोणले मानिस यस विन्दु वा मुकामसम्म पुग्नु पनि आफैमा एउटा उपलब्धि हो । किन भने यसबाट कुनै नयां सोच पलाउन र नयां बाटो खुल्ने सम्भावना प्रसस्त हुन्छ ।

तर तीव्र गतिले परिवर्तन भइरहेको यस संसारमा जहांसम्म चलन वा प्रथाको कुरा छ समयको शक्तिशाली प्रवाहसंगै धेरै जसो प्राचीन प्रथाहरु समाजद्वारा बष्किृत हुंदै इतिहासको गर्भमा बिलीन भइसकेका छन् ।

जस्तै पति परमेश्वरप्रति नारी धर्मको टेक मानिने सती जाने प्रथा आज खोई ? यसै नेपालको सेती महाकाली प्रदेशमा धर्मको नाममा उहिलेदेखि चलिआएको देउकी प्रथालाई समाजले त्यागी सकेको छ, छैन ? हाम्रै गाउंघरमा प्रचलित बालविवाह, बेमेल विवाह र पर्दा प्रथाप्रति अब समाजमा कत्तिको मोह बांकी छ ? छुवाछुत र बोक्सी मान्ने चलनलाई कुरीति ठहर गरी यसको खिलापमा आज सबैतिर आवाज उठिरहेको छ, छैन ? दहेज प्रथाको विरोध र छोरीलाई पनि छोरा सरह शिक्षा दिनु पर्छ भन्ने पक्षमा आज यत्र तत्र अभियान चलाउन थालिएको छ, छैन ? पर्दा प्रथालाई धपाउनु र छोरीलाई समेत खुशी खुशी विद्यालय पढाउनुलाई आज मधेशी समुदायमा आएको सोचलाई ठूलो सकारात्मक परिवर्तनकै प्रतीक मान्नु पर्दछ । भनाइको अर्थ के छ भने आजको तीव्र गतिले बदलिदो विश्व परिवेशमा कतिपय पुरानो चलन वा परम्परा त्याज्य सूचीमा परिसकेका छन् । लकीरको फकिर भइरहनु एक्काइसौ शदीमा सुहाउने कुरा पनि भएन । परम्परालाई नै मान्नु छ भने मातृ देवो भवन, पितृ देवो भवन, गुरु देवो भव र अतिथि देवो भव जस्ता उच्च परम्परालाई निर्वाह गर्न सक्नु पर्छ । पूर्वजहरुद्वारा राष्ट्र र समाजको हित हुने खालका सुझाइएका बाटोको अनुगमन गर्दै त्यसलाई परम्पराको रुपमा स–सम्मान स्थापित गरिनु पर्दछ । परम्परादेखि रहिआएको हाम्रा बीचका पारिवारिक र सामाजिक शिष्ट व्यवहार हाम्र्रा लागि अनमोल गहना हुन । यस्ता समाजिक मूल्य र मान्यताप्रति (सोसल भैल्यू) सम्वेदनशील रहिरहनु पर्छ । यस्ता शिष्टाचार पालनामा कन्जुस्याई गर्नु हुंदैन ।

कुरा यत्तिकैमा टुगिंदैन । आखिर माघमा भएको अभूतपूर्व मधेश बिद्रोहको गन्तव्य फगत खसवादी चिन्तनलाई परास्त गरी आफ्नो आत्म सम्मान र विकास गर्न राजनीतिक अधिकारको मार्ग प्रस्शत गर्नु मात्र थियो त ?

यो त केन्द्रविन्दुमा थियो नै । तर मलाई लाग्छ प्राप्त राजनैतिक अधिकरलाई पनि भलि भांति पोस्न र पुष्ट तुल्याउन यसलाई अन्य कुराहरुबाट समेत सघाउनु पर्ने हुन्छ । यसको लागि सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, र्आिथक र चारित्रिक क्षेत्रहरुमा समय सापेक्ष सुधार गर्नुपर्ने हुन्छ । यी सबै क्षेत्रमा तदनुरुप सुधारको अभाव भएमा राजनीतिक विकास एकांगी अथवा अपांग भएर जान सक्छ । तसर्थ बलिदानी मधेश आन्दोलनलाई सामाजिक तथा धार्मिक नवजागरणको संदेशवाहकको रुपमा समेत ग्रहण गर्न सक्नु पर्छ ।

अनि मात्र मधेशका लागि यो एउटा सार्थक र समग्र (टोटल) आन्दोलन हुन सक्छ । यस दिशामा धार्मिक द्दष्टिले विचार गर्दा पशुपंक्षीलाई बलि दिने जस्ता मध्ययुगीन सभ्यताको अवशेषलाई तिलांजली दिइ त्यसमा आधुनिक सोच मुताविक सुधार ल्याउनु परमावश्यक भइसकेको छ । तसर्थ पशुबलिद्वारा तामसी विधिले देवी माताको उपासना गर्नु भन्दा सात्विक र सौन्दर्यपरक विधिले आरधना किन नगर्ने ?

जुन देशको महान विभूति अहिंसालाई परमो धर्म मान्ने गौतम बुद्ध होस् ।

जुन समाजमा जनजनका आदर्श अहिंसाका पुजारी महात्मा गांधी होस्।

जुन धर्तीको माहात्म्य र महिमा नै वैष्णव धर्म (स्वामी रामानन्द र महात्मा सूरकिशोर दासजी) मा आधारित होस् त्यस जनकपुरमा जानकी मन्दिर नजिकै पर्ने राम मन्दिर परिसर भित्र धर्म वा परम्पराको नाममा निरीह जीवहरुको रगतको घिनौना धारा बगाउनु कतिको धर्मसम्मत छ ?

अन्तमा माता दुर्गा भवानी,राजदेवी माता सबैलाई सही बाटो पहिल्याउन आत्म शक्ति प्रदान गरुन । विजयादशमीको अवसरमा यही शुभकामना छ ।

# मधेशमा दशैँको झल्को दिने झिझिया

***(मैथिलीमा)***

*तोहरे भरोसे ब्रह्म बाबा, झिझिया बनेलिए हौ*

*ब्रह्म बाबा झिझिया पर होइयौं ने सवार*

***(नेपाली अनुवाद)***

*ब्रह्म बाबा, हजुरको कृपाले हामीले झिझिया बनाएका छौँ !*

*ब्रह्मा पिता, कृपया आउनुहोस् र यसमा सवार हुनुहोस् ।*



झिझिया नृत्यको क्रममा गाइने गीतको बोल हो या । झिझिया नाचको आफ्नै प्रकारको गीत र लय छ । झिझिया गीत गाउने क्रममा एक निश्चित स्थानमा गोलो गोलो घुमेर नृत्य गरिन्छ । भौगौलिक क्षेत्र अनुसार गीतहरू मैथिली वा भोजपुरीमा छन् । गीतमा ढोल र झ्याम्टा जस्ता लोक वाद्ययन्त्रसहितको सङ्गीतमा नाचगान गर्दा दुई प्रकारका गीतहरू गाइन्छ । पहिलो देवी दुर्गाको प्रशंसामा गाइन्छ भने दोस्रो गीत बोक्सी र कालो जादूविरुद्ध सुरक्षाको लागि गाइने गरिन्छ ।

झिझिया सम्बन्धी लोककथा

मौखिक रूपमा संस्कृति पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण भएको हुनाले नृत्य शैलीको उत्पत्तिको बारेमा सही जानकारी छैन । नृत्यसँग सम्बन्धित एउटा लोककथा अनुसार कुनै समय चित्रसेन नामका राजा थिए । उनको पत्नी–रानी कालो जादू मा माहिर थिइन् । उनी उमेरमा राजाभन्दा धेरै कान्छी थिइन् । यद्यपि शाही दम्पती निःसन्तान थिए । त्यसैले, राजाले आफ्नो भतिजा बालरूचीलाई उत्तराधिकारी बनाउने निर्णय गरे । रानी बालरूचीसँग मोहित थिइन् र उनले बालरूचीलाई धेरै पटक आफ्नो प्रेममा फसाउन प्रयास गरिन् तर प्रत्येक पटक असफल भइन्।

एक दिन, रानीले हार मनिन् र बालरूचीसँग बदला लिने निर्णय गरिन् । उनले आफ्नो कालो जादू प्रयोग गरेर बिरामी भएको नाटक गरिन् । राजाले उनको उपचारको लागि आयुर्वेदिक चिकित्सकलाई खटाए तर रानीको जादूको विरुद्धमा आयुर्वेदिक औषधि असफल भयो । त्यसपछि उनले राजालाई भनिन् कि यदि उनी बालरूचीको रगतमा नुहाईन् भने उनी फेरि ठीक हुन सक्छिन् । राजा त्यो उपचारको विरुद्धमा हिचकिचाए तर उनी आफ्नी पत्नीलाई माया गर्थे र उनको जीवन बचाउन चाहन्थे, त्यसैले उनले सिपाहीहरूलाई बालरूचीलाई मारेर उनको रगत ल्याउन आदेश दिए । राजकुमारप्रतिको प्रेमका कारण शाही सैनिकहरूले बालरूचीलाई मार्न सकेनन् र उनलाई जंगलमा मुक्त गर्ने निर्णय गरे । बरु तिनीहरूले राजकुमारको रगतको रूपमा हिरणको रगत ल्याए, जसमा रानीले नुहाएर फेरि ठीक भइन् । जंगलमा बालरूचीले एउटी वृद्धालाई भेटे, जो एक शक्तिशाली बोक्सी थिइन् । बालरूची भोकाएको र आश्रयको खाँचो भएको हुनाले उसले ती महिलासँग रात बिताउन केही खानेकुरा र ठाउँ मागे । महिलाले उहाँलाई दया र उसलाई अपनाउने निर्णय गरिन् । उनी र बालरूची सँगै बस्न थाले ।

एक दिन राजा र रानी जङ्गलबाट जाँदै थिए, राजाको पालकी बोक्नेहरू मध्ये एकको मृत्यु भयो । अर्को पालकी वाहकको लागि जंगलमा मानिसको खोजी गर्दा बालरूची भेटियो । यद्यपि, रानी र राजा दुवैले बालरूचीलाई चिन्न सकेनन् ।

राजाको यात्रा फेरि जारी रहँदा राजाले एउटा गीत गुनगुनाउन थाले तर केही बोल बिर्सिए । धेरै कोसिस गर्दा पनि राजाले गीतको बोल याद गर्न सकेनन् । त्यसपछि राजाले नयाँ पालकी वाहकले बाँकी लाइनहरू गाएको सुने । राजासँगै एक जनालाई मात्र गीतको शब्द थाहा थियो र त्यो व्यक्ति बालरूची थियो । यसरी उनले बालरूचीलाई चिने । त्यसबेला रानीले पनि दोषी महसुस गरिन् र उनले र राजा दुवैले बालरूचीसँग माफी मागिन् र उनलाई दरबारमा फर्किन आग्रह गरिन् । बालरूचीले उनीहरूसँगै फर्कने निर्णय गरे, जसले पुरानो बोक्सीलाई धेरै रिस उठ्यो । उनले बालरूचीमाथि जादुई मन्त्र प्रदर्शन गर्न थालिन्, जसले बालरूचीलाई चोट पु¥यायो । बालरूचीलाई चोट लाग्नुको पछाडि कुनै कालो जादू छ भनी रानीले बुझिन् । त्यसोभए, उनले पनि पुरानो बोक्सीको मन्त्रको सामना गर्न जादू प्रदर्शन गर्न थालिन् । रानी र बूढी बोक्सीको जादुई लडाइँ भयो, जसमा पुरानो बोक्सी पराजित भए पछि राजा, रानी र बालरूची दरबारमा फर्किए । बालरूचीलाई फेरि राजाको उत्तराधिकारी घोषणा गरियो र रानीले बालरूचीको रक्षाको लागि प्रत्येक वर्ष तान्त्रिक अनुष्ठान गर्न आदेश दिइन् । त्यसपछि यो अनुष्ठानलाई आम जनताले पनि अपनाए र आफ्नो सन्तान र परिवारको रक्षाका लागि गर्न थाले ।

**कविता**

## हजारौँ बोकाबलि गर्नेहरु एक पटक बाघको बलिचढाएर आफ्ना पुरुषार्थ देखाउनोस्



● राजेश्वर नेपाली



पुत्र कुपुत्र भएपनि
माता कुमाता कहिले हुंदैन भने
हामीले देवी देउताको नाममा
किन बोका बलि गर्दछौं ?
बाघ, शेर र चिताको बलि किन गर्दैनौं ?
तन्त्र-मन्त्रको साधनाको नाममा
कतिले आफ्नै जांग्घाको रगत चढाउने
आज पनि समाजमा छन्
कतिले आफ्नै छोराको बलि पनि दिए
तर त्यसले शान्ति पाउन सकेन
पागलपन सबार भएमा आफ्नै छोरालाई
काट्नेहरु पनि सुनिएका छन् ,
जो विक्षिप्त हुन्छन् ।
कहिल्यै कुनै देवी माताले
मलाई बोका र रांगा देऊ भन्दैनन् भने
आफ्नो लोभ र मोहले
हामी किन निरिह प्राणीलाई
बलि चढाउन पुग्दछौं ।
कसैलाई जीवन दिन न सक्ने हामीले
अरुको जीवन हरण गर्न किन पुग्छौं ?
त्यसले शान्ति दिन सकेको भए,
आज विश्व अशान्त रहने थिएन ।
तसर्थ देवी देउताको नाममा
बलि चढाउने काम बन्द हुनु पर्दछ ।
किनभने हजारौं बोका बलिको सट्टा
कसैले एउटा बाघको बलि चढाएर
आफनो पुरुषार्थ देखाउन सकेका छैन ।
केही बोल्नै न सक्ने बोका र रांगा
मात्र होइन कि
हरेक जीवको हत्या रोकिनु पर्दछ ।
वैष्णव तीर्थस्थली जनकपुरधामको
अस्मिता संरक्षणको लागि पनि
राजदेवी मन्दिरमा बलि प्रदान
बन्द हुनु पर्दछ ।
पशुपति र लुम्बिनी तथा
बनारस, अयोध्या र हरिद्वार जस्तै
धार्मिक स्थलीमा कसैलाई वद्ध गर्नु हुंदैन,
प्राणी मात्रको रक्षा गर्न
हामी सबै संकल्पित हुनु पर्दछ ।
बाघ र बाख्रा एउटै ठाउंमा बस्ने गरी
भय रहित समाजको
हामीले निर्माण गर्नु पर्दछ ।
बलि प्रथाको अन्त गरी
आफ्ना काम, क्रोध, लोभ र मोहलाई
बलि चढाई,
सबैमा प्रेम र सद्भाव जगाई,
भ्रातृत्व भाव अपनाई
सभ्य समाजको निर्माण गर्नु पर्दछ ।
बांच र सबैलाई बांच्न देउको
पवित्र भावना सिर्जन गरी
सुन्दर शान्त नेपाल बनाउनु पर्दछ ।

# ‘जीवन्त सम्बन्ध’को सिटी स्क्यान



गणेशप्रसाद लाठ

मेरो हातमा ‘जीवन्त सम्बन्ध’ पुस्तक परेपछि तलबल थामी नसक्नु भएको थियो । पढ्न सुरु गरिहालेँ । पुस्तक पढ्दै जाँदा म फकत पाठन रहेन, लेखक, डा. ओम मूर्ति अनिलको सहयात्री भइदिएँ ।

म घरी लेखकका पितामा आफ्ना दिवङ्गत पितालाई खोज्न बाध्य हुन्थे, घरी लेखकभित्र चल्दै गरेको अन्तर्द्वन्द्वमा आफू स्वयम् पनि सामेल भएको अनुभव गर्थे । घरी लेखककी आमाको अवस्थासित आफ्नी आमाको अवस्था दाँज्न बाध्य हुन्थे । घरी आफ्ना पुराना सङ्घर्षका दिनको संस्मरणमा हराउँथे, घरी आफ्नो वृद्धावस्थाको कल्पना गर्न थाल्थे, घरी सन्तान तथा आफन्तहरूबारे सोच्न बाध्य हुन्थे, घरी आफ्ना आधाअपुरा कामबारे गम्न थाल्थे, घरी कुनै विश्वासपात्रबाट पाएको पीडा तरोताज भएर आउँथे । पुस्तकको अन्तिम पानामा नपुग्दासम्म म लेखकको दुनियाँमा हराइरहे । कुशल लेखनका विभिन्न लक्षणमध्ये एक दमदार लक्षण यो पनि हो ।

‘कोठा बन्द गरेर अरूले नदेख्ने गरी म एक्लै सोचमा लिन हुन्थे । किनकि त्यो मेरो निजी लडाइँ थियो । त्यहाँ सहानुभूतिको ठाउँ थिएन । घण्टौँसम्म मेरा आँखाबाट आँसु बग्थे ।’ यी भाव लेखकले पुस्तकमा आफ्ना स्वर्गीय पितालाई सम्झिँदै प्रकट गरेका छन् । यस्ता मन नै निमोठिने भावहरू पुस्तकभित्र सयौँ ठाउँमा प्रकट गरिएका छन् । पढ्दै गर्दा मेरा आँखाअगाडि समेत मेरा स्वर्गीय पिताको अनुहार बारम्बार प्रकट भइरह्यो, आँखा टिलपिल भइरहे । आफूले गर्न नसकेका पितासित जोडिएका कतिपय अपुरा कामहरूबारे सम्झिन थालेँ । एक दुई पटक त अनुमति नमाग्दै नुनिला थोपा पनि झरे । मनमनै गुन्न बाध्य भए, जीवन्त सम्बन्ध पढ्ने अन्य पाठकको कस्तो हविगत भएको होला । अनि लेखक स्वयम् त भक्कानिएकै होलान् । पक्का होलान्, त्यो पनि पटकपटक ।

त्यही भएर होला, लेखकले आभारमा ‘आँसुलाई मसी बनाएर मैले पुस्तक लेखेँ’ भनेका हुन् । हुन पनि हो, हरेक पानामा आँसु, आवेग, बिछोड र सम्झनाको आँधीबेहरी नै छ ।

पुस्तकमा एक ठाउँ लेखकले लेखेका छन्, ‘संसारमा सबैभन्दा आश्चर्य कुरा के हो भनेर यक्षले प्रश्न गर्दा युधिष्ठिरले फर्काउँछन् संसारमा हरेक पल मानिसले आफ्नो आँखाअगाडि प्राणीको मृत्यु देखिराखेको हुन्छ । उसको पनि एक दिन मृत्यु निश्चित छ । तर उसले मृत्युबारे कल्पना कहिल्यै कल्पना गर्दैन । यसभन्दा ठूलो संसारको आश्चर्य के हुन सक्छ ?’

विपश्यनाका गुरुजी, श्रद्धेय सत्यनारायण गोयन्का भन्नु हुन्छ, ‘मृत्यु त शाश्वत सत्य हो, यसलाई अनिष्ट मान्नु नै हाम्रो ठूलो दुर्बलता हो ।’ उनी स्वयम्ले शरीर त्याग्दा उनको अनुहारमा भय अथवा पिडाको झिनो अंश पनि थिएन । त्यस्तो सजग, सहज, सचेत मृत्युवरण गर्ने प्रज्ञावान् व्यक्तित्व विरलै हुन्छन् । लेखकले पनि महान् व्यक्तित्वहरू मृत्युवरणको चर्चा गरेका छन् । तथापि आफन्त गुमाउनुको पीडाबाट उठ्न त्यति सजिलो रहेनछ भन्ने पनि भाव प्रकट गरेका छन् । समयले घाउ दिन्छ भने समयले मलहम पनि लगाउँदो रैछ भन्ने सन्देश पनि दिन खोजेका छन् । पुस्तकमा एक ठाउँ लेखिएको छ ‘अनि मैले आमालाई भनेँ, आमा, हजार कोसिस गर्दा पनि बुबाले भगवान्को काख रोज्नुभयो ।’ त्यो क्षणबाट म पनि गुज्रिसकेको छु, आफ्नो मनको आवेगलाई लुकाएर यसरी बोल्न सक्नु चानचुने काम होइन रै’छ । ‘त्यो क्षणको कल्पना गर्दा मेरो आज पनि आङ सिरिङ्ग हुन्छ । यस्तो कठिन क्षणमा गर्ने किन ? के ? कसरी ? जस्ता हजारौँ प्रश्नवाचक चिन्ह मगजमा उम्रिन थाल्छन् । जवाफ दिने कोही हुँदैन ।’ यसबारे पुस्तकमा बिस्तारपूर्वक सम्झाउने प्रयास गरिएको छ । यस पुस्तकमा पुत्र–धर्म, पति–धर्म, पिता–धर्म, चिकित्सक–धर्म र सामाजिक–धर्म आदिबारे ठाउँठाउँमा चर्चा झिकिएको छ । साथसाथै हरेक धर्मको निर्वहन गर्दागर्दै ठूलै धर्मसङ्कटबाट गुज्रिनु परेको अवस्थाबारे पनि बडो रोचक ढङ्गले वर्णन गरिएको छ ।

लेखकलाई मृत्यु भोज ठीक लाग्दैन, सामाजिक–धर्मको निर्वहन गर्दागर्दै नरुचाएको काम गर्न बाध्य हुन्छन् । झुठो बोल्न चाहँदैनन्, तर कसैको ज्यान जोगाउने मनसायले बोल्न बाध्य हुन्छन् ।

मेरो विचारमा जीवन भनेको आरोह–अवरोह र घुम्तीले भरिएको एक यात्रा त हो । यात्रा सकिएको हुन्छ, तर गोडाका छाप जसको तस नै रहन्छन् । यो पुस्तकमा त्यही छापलाई लिपिबद्ध गरिएको छ । लिपिबद्ध गर्दैगर्दा लेखक बीचबीचमा चिकित्सकको रूप धारण गर्छन्, कहिलेकाहीँ अध्यात्मका विद्यार्थी भइदिन्छन् । अनेक ठाउँमा उनले पौराणिक ग्रन्थका कुराहरू पनि झिकेका छन् । कतिपय ठाउँमा लेखक मान्छेको भावनात्मक अवस्था र सोबाट हुने शारीरिक प्रभावबारे सरल पारामा सम्झाउने प्रयास गरेका छन् । आफ्ना सङ्घर्षका कथाहरू पनि सुनाएका छन् । बिहेअगाडिको प्रेमिल सम्बन्धबारे पनि रोचक ढङ्गले चर्चा झिकेका छन् । चिकित्सक होउन् अथवा उनका सहायक, उनीहरूभित्र पनि संवेदना हुन्छ, चिकित्साको क्रममा मरिजको खुसीमा रमाउँछन् भने मरिजलाई अप्ठेरो पर्यो भने रुन्छन् पनि । लेखकले ठाउँठाउँमा आञ्चलिक शब्दहरू प्रयोग गरेका छन् । मैथिली भाषीसँगको संवादलाई मैथिलीमा समेत राखिदिएका भए लेखन झनै स्वादिलो हुन्थ्यो । खैर, कुल मिलाएर यो पुस्तकमार्फत लेखकले आफूभित्र संरक्षित कुराहरूमध्ये सक्दो बढीसे बढी कुरा पाठकसम्म ल्याउने प्रयासमा सफल भएका छन् ।

लेखकले अनेक गम्भीर विषयउपर वैचारिक शल्यक्रिया गरेका छन् । पुराना पुस्ताको जीवन उत्तरार्द्धतिर लाग्दा उनीहरु आफूलाई असुरक्षित, एक्लो र उपेक्षित किन अनुभव गर्न थाल्छन् ? पुस्तान्तरणको खाडलका कारण के के हुन सक्छन् ? खाडल पुर्ने उपाय के के हुन सक्छ ? यावत गहन विषयउपर लेखकले बडो सटिक र सरल दृष्टान्तका साथ जवाफ दिने प्रयास गरेका छन् । त्यति मात्र होइन, ‘असाध्य किसिमका रोगबाट गल्दै गएका मानिसभित्र शारीरिक मात्र होइन, भावनात्मक समस्याहरू देखा पर्न सक्छ । त्यतिबेला आफन्तले धैर्यधारण मात्र गर्ने होइन, रोगी मान्छेलाई भावनात्मक रूपमा आत्मबल दिन सक्नु पर्छ’ भन्ने कुरो चिकित्सकीय दृष्टिकोणबाट समेत लेखकले सम्झाउने प्रयास गरेका छन् । निचोडबारे कुरो गर्ने हो भने लेखकले नयाँ पुस्तालाई सन्देश दिन खोजेका छन्, ‘पुराना पुस्तासँग ज्ञानको भण्डार हुन्छ, जति सक्छौ उनीहरूको कन्थो सुन । उनीहरूसँग माया र आशीर्वचनको खजाना हुन्छ, जति सक्छौ पाकाहरूको न्यानो सानिध्यतामा समय बिताऊ । उनीहरू जुन जमानामा हुर्किएका थिए, त्यो जमानाको हिसाबले उनको मनोभाव बुझ्ने प्रयास गर । उनीहरूका अपुरा अकाङ्क्षा के के हुन्, बुझ्ने प्रयास गर, जति सक्छौ, पुरा गर । उनीहरूको बृद्धहठलाई अन्यथा नलेऊ । आज उनीहरू जुन अवस्थामा छन्, भोलि म पनि त्यही पुग्दै छु– सदैव हेक्का राखू । औषधीले जिउको घाउ ठीक हुन सक्छ, मनको घाउलाई ठीक पार्न माया, सानिध्यता र परस्पर संवाद नै चाहिन्छ । फोटोअगाडि उभिएर पछुतो मनाउ गर्नुभन्दा आज नै आफ्नो व्यवहारलाई सच्याऊ । भोलि शब्दको भरमा नबस, जे गर्नु छ, आजै गरिहाल । कसैसित क्षमा माग्न छुटाएको छौ भने आज नै त्यो काम सक्याइ हाल । कसैप्रति आभारी छौ भने आज नै कृतज्ञता जाहेर गरी हाल ।’

प्रतिक्रिया लेख्दै गर्दा मलाई साहिर लुधियानवीको एउटा गीत कानमा सुसाइरह्यो, ‘संसार की हर शय का इतना ही फसाना है, एक धुँध से आना है, एक धुँध में जाना है ।’ खैर, तत्कालको लागि विट मार्ने बेला भयो । जाँदाजाँदै मैले ठोकुवा गरिहाले, ‘जीवन्त सम्बन्ध पढ्नै पर्ने पुस्तक हो । पुराना र नयाँ, दुवै पुस्ताले ।’




## सार्थक जीवन बुझ्न पढौँ, ‘जीवन्त सम्बन्ध’



● सुरेश यादव

‘जीवनमा खुसीका प्रमुख दुई स्रोत हुन्छन्, भौतिक र भावनात्मक । भौतिक खुसी वा सुखको सीमा तथा आयु हुन्छ । भावनात्मक सुख असीमित र चीरकालीक हुन्छ । सांसारिक मानिस भौतिक सुखको प्रलोभनमा पर्छन् । किनकि यो सुख आवरणीय हुन्छ’ यो भनाई डा. ओम मुर्ति अनिलले हालै लेखेको पुस्तक ‘जीवन्त सम्बन्ध’ को कभरपृष्ठमा छापिएको छ ।

सम्बन्ध र भावनाको बारेमा डा. अनिल लेख्छन्, ‘ज्ञानीहरु भौतिक सुखबाट चाँडै तृप्त भएर भावनात्मक सुखको मार्गमा अग्रसर हुने गर्छन् । उनीहरुले जीवनलाई गहिराइमा बुझेका हुन्छन् तथा आफूलाई चिनेका हुन्छन् । अन्तर्मनको खुसी उनीहरुको प्राथमिकतामा पर्छ । सम्बन्धले व्यक्तिलाई सन्तुष्ट हुन पनि सिकाउँछ । यसले मानिसमा त्याग, समर्पण, प्रेम, कर्तव्य आदि गुणको विकास गराउँछ ।

त्यसैले सम्बन्ध बुझ्नु भनेको जीवन बुझ्नु हो, बोधयुक्त जीवन बाँच्नु हो तथा जीवनको सार्थक गन्तव्य पहिचान गर्नु हो ।’

डा. अनिलले आफ्ना बाबुको देहान्तपछि शोकको घडीमा महसुस गरेका भावनाहरुलाई संगालेर दिएको पुस्तकाकार हो ‘जीवन्त सम्बन्ध’ । शोकमा रहेकोबेला सम्वेदनशील मनस्थितिबाट जीवन, प्रेम, सम्बन्ध तथा मृत्युका बारेमा मन, मष्तिस्कमा आएको दृष्टिकोणलाई डा. अनिलले पुस्तकमा लेखे ।

पुस्तकको वारेमा लेखक भन्छन्, ‘म यसै समाजको उत्पादन हुँ, मेरो मनभित्र असङ्ख्य सामाजिक दायित्व छन् । मेरा कर्तव्य र पेशाका तमाम आरोहअवरोह छन् । दिनहुँ मेरो सम्पर्कमा आउनुहुने बिरामी, सामाजिक सञ्जालमार्फत् जोडिएर सधैँ उत्प्रेरित गर्ने र अन्य शुभचिन्तकहरुको उर्जाको कारण नै कठिन घडीमा पनि म आफ्ना भावनाहरुलाई लेख्न सफल भएँ ।’

पुस्तकको विषयसूचीमा ५३ वटा च्याप्टर समेटिएको छ । कर्मको फल, पराजित डाक्टर, मनको आँसु, बुबासँगको अन्तिम क्षण, सामाजिक सञ्जालको आत्मीयता, एक्लोपन, मन नपरेको भोज, खुला जीवनमा फर्किदाको डर, धर्मसङ्कट, त्यो अन्तिम भेट..., मृत्युको पूर्वाभास, मृत्युको योजना, आँसु र स्नेह, अनपेक्षित आरोप, आफन्त बिरामी हुँदा, परिवार कि बिरामी ?, कर्मण्येवाधिकारस्ते..., झुट बोल्दा, चिकित्साभन्दा बाहिर, ज्योतिशास्त्रका कुरा, आत्मग्लानि, स–साना खुसी, आफैँ पकाउनुको सन्तुष्टि, सँगै बस्दाको प्रभाव, घाउ बल्झाउने दीपावली, पुरस्कार फिका–फिका, मोबाइलको रिङटोन, रेडियोको चर्को आवाज, पिताजीको निन्दा, मेरो घमण्ड तोड्ने व्यक्ति, उपहारमा आशिर्वाद, गुड प्यारेन्टिङ, निष्क्रियता, प्रशंसाले बच्चा बिग्रिँदैनन्, संस्कारको पुस्तान्तरण, घरः मानिसको पहिलो पाठशाला, बुबाआमाको लत र त्यसको असर, स्वास्थ्यप्रति बुबाको लगाव, पारिवारिक वातावरण, जेनेरेसन ग्याप, सीपको हस्तान्तरण, सफलतामा सहीछाप, निःस्वार्थ सल्लाह, सम्बन्ध र जीवन, किन्न नसकिने सम्बन्ध, भावना कि व्यवहार, बुबा र छोरीको सम्बन्ध, प्रेम र विवाह, घरघरको कथा, आफैँमा निर्णय क्षमता, बुढेसकालको खुसी, म किन विदेश गइनँ ? र आत्मसंघर्षबाट पुस्तक शिर्षकमा डा. अनिलले गरेको सप्रसङ्ग व्याख्या यस पुस्तकमा उप्लब्ध छ ।

मैले जीवन्त सम्बन्धको वारेमा थोरै जानकारी पाएको थिएँ । काठमाडौँ पुगेपछि सूर्या नेपालमा सिनियर अधिकृत रहनुभएका मेरा काका उमेश गामीले उपहार स्वरुप मलाई प्रदान गर्नभयो डा. ओम मुर्तिद्वारा लिखित ‘जीवन्त सम्बन्ध’ । लेखकको नामै सुनेर यो पुस्तक खास हुनुपर्छ भन्ने अनुमान गरेको थिएँ । विषयसूची हेर्दै गर्दा मेरो मनले खोजिरहेको खुराक पाएँ भन्ने सोँचे र तीन दिन लगाएर पुरै पुस्तक पढ्न भ्याएँ ।

मनको आँसु, बुबासँगको अन्तिम क्षण, आँसु र स्नेह जस्ता च्याप्टर पढिरहँदा मन थाम्न सकिएन ।

यो पुस्तक पढिरहँदा म आफुभित्रको भावनात्मक स्वभावसँग साक्षात्कार भएँ । प्रशंसाले बच्चा बिग्रिँदैनन् भन्ने विषयमा ओम मुर्तिले लेखेको शब्दहरु मलाई मेरै भावनालाई सम्बोधन गरि लेखिदिएको जस्तो महसुस गरेँ । यो पुस्तकको नाम कसले जुराइदिएको हो भन्ने थाहा त भएन तर जसले चयन गरेपनि पुस्तकको संवेदनशील भावलाई पाठकको भावनासँग छुनेगरी नामकरण गरिएको लाग्छ मलाई ।

यो पुस्तक हरेक उमेर समूहका व्यक्तिले अनिवार्य रुपमा पढ्नुहोस् भन्ने मेरो सुझाव हो ।

# रोटे पिङले घुमाई रहेको बल मिच्याई र संस्कार



*दिवाकर उप्रेती*

जनकपुरमा दशैँको रमझम छ । जनक चौक पुगेको मैले काँधभरी कार्यालयको भारी छेउको चिया पसलमा बिसाए । त्यहाँको रमझमले बालापन सम्झायो । झिलिमिलि रोटे पिङ देखेर को नै आर्कषित न होला र ! म पनि साथीको साथमा पिङको मज्जा लिन दौडिँए । मिथिलाको मौलिकता नै फरक छ । छेउमै ठेलामा मःम, चाउमिन, पानीपूरी र अन्य परिकार छन् । फुटपाथ राखिएका ती परिकारको स्वाद लिँदै ठुलो जमातले उपभोग गर्दै छन् । मानिस नयाँ लुगासँगै दर्शन र मनोरञ्जनलाई इन्जोइ गरिरहेका छन् । भिड क्रमश बढ्दै छ ।

भिड छिचोलेर त्यहाँसम्म पुग्नु सहज भने छैन । जसोतसो भिड छिचोल्यौँ । अगाडी बढ्यौँ । पछाडिको ठेलमठेलले रेल गाडी जस्तै हुत्तै राम मन्दिर सम्म पु¥यायो । त्यसपछि केही बेर अडियौँ । लामो सास फे¥यौँ । ‘बल्ल पार गरियो यार’ साथीले स्वाँ–स्वाँ गर्दै हल्का राहत महशुस गरे झैँ भन्यो । हाम्रो यात्रामा अझै केही मिटर दुरी बाँकी छ । त्यो भिडले फेरी धकेल्दै छ । हुत्याउँदै छ । न भन्दै हामी राम मन्दिर भित्रको खेल अखडामा पुग्यौँ । अब हल्का राहत भयो ।

तर, राहतको यात्रा त त्यति बेला हुनेछ जब हामीले सयौँ सहयात्रीलाई लामबद्ध लाइनबाट छिचोल्दै त्यो रोटे पिङमा पुग्छौँ । तब, ताजुब लाग्ने छ । मैले भने, ‘यात्राको पहिलो अंश यहीँ हो । यो भिड हाम्रा लागि चुनौति । यात्रा यहीँ रोक्ने कि अगाडि बढ्ने हाम्रो हातमा छ ।’ निस्फिक्रि हाम्रो यात्रालाई उचाइमा लग्न र सम्भव तुल्याउनका लागि पहिलो मानक लाईन छिचोल्नु नै हो । हामीले दुई सय रुपैयाँको टिकट कटायौँ । अनि लामबद्ध भयौँ ।

भिड अचाक्ली बढ्दै छ । चार कुने राम मन्दिरको सानो फिल्डमा ब्रेक डान्सको कार कुदिरहेको छ, बेफिक्रि । उसले यात्रीलाई कराउन बाद्ध तुल्याएको छ । अर्कातिर स–साना बालबालिकाको लागि घोडाले बल दिँदै छ । तर, घोडाको बलभन्दा पर मोटरसाइल रेसले जेनरेटरको मुस्लोमा बालबालिकालाई मनोरञ्जन गराइरहेको छ । त्यसको दाहिनेमा रहेको रेल गाडीले बालबालिकालाई आकर्षित गर्न आफु लक्ष्यमा पुगेको हेर्न घुइकाउँदै छ । मानौ त्यसले जयनगर देखि जनकपुरको यात्रा सफलता पुर्वक पुरा गरिसक्यो ।

अझै हाम्रो लाइन अघि सरेको छैन । मानिसको भिडले लाइन ब्रेक गर्दै छ । यहाँ लाइनमा बसेर पालो कुर्ने भन्दा पनि लाइन मिचेर अगाडि बढ्नेले संघर्ष हात पार्ने देखिन्छ । लाइन अब अगाडि बढ्यो । क्रमशः हामी टिकट देखाउने निराश व्यक्ति कहाँ पुग्यौँ । उसको मुहारमा रस छैन । उ निरस देखिन्छ । थकान छ उसको अनुहारमा । उसले भिडलाई बारम्बार भन्दै छ, ‘लाइनमे बैठु न यौ । अर्थात् लाइनमा बसौँ न है ।

अर्कातिर डिजेले मौलिकतामा बल पु¥याइरहेको सुनिन्छ । अझ डिजेले बोलेका आवाज भन्दा रोटे पिङको जेनरेटरको कम्पन थप बलियो छ । जेनरेटरले छिचोलेको त्यो डिजेको ध्वनीलाई मात दिँदै एक जना अधबैँसे माडसाबले हाम्रो लाइन मिच्दै हुनुहुन्छ । हामी बेचैन मुद्रामा ती निरस टिकट चेकरलाई हेर्दै छौँ । उसको बातलाई मात दिँदै ती अधबैँसेले लाइन मिचि छाडे । हामी पछि पर्‍यौँ ।

त्यहाँ ती अधबैँसे मात्र मिच्नेमा थिएनन् । र, पछि पर्नेमा पनि हामीमात्र थिएनौँ । हामी पछिका अझै केही दर्जन त्यो रोटे पिङको लक्ष्यबाटपछि प¥यौँ । तर, ताजुवको कुरा के भने, ती अधबैँसेले आफुमात्र नभइ छोरा, बुढीलाई समेत लाइन मिचेर अगाडि बढ्दा आफुलाई कठोर सम्झिए । मानौँ अब तिनी त्यो रोटे पिङमा आफु फस्ट भएको अङ्क लिएर सयर गर्ने छन् । र, रोटे पिङको टुप्पोमा पुगेर त्रास बीच भन्ने छन्, ‘मैले लाइन मिच्दा फस्ट भएँ ।’

उनी त्यो लाइनमा प्रथम त भए तर जीवनको यात्रा सुरु गरिरहेका ती बालखलाई लास्ट बनाए । हामी ती निरस टिकट चेकरलाई हेर्दा अधबैँसेको छोराको अवोध चेहेरामा ढाढस छाएको थियो । मानौँ त्यो बालख भन्दै छ, ‘हे¥यौ, मेरा बा को शक्ति ! हामी फस्ट भयौँ ।’

ती अधबैँसे जीवनको उत्तराद्र्ध क्षणमा छन् । जीवनको लगभग पाँच दशक पार गरिसकेका उनले प्रथम हुन लाइन मिचेजस्तै हरेक थोक मिच्न पर्छ भन्ने भाव झल्काइ रहे । मानौँ अधबैँसेले सिकाउँदै छन्, ‘छोरा जीवनमा प्रथम भनेकै अरुको परिश्रम मिच्नु हो । परिक्षामा चिट चोर्नु हो । न माने धम्क्याउनु हो । तर्साउनु हो ।’ यस्तै केही ।

ती अधबैँसेसहित उसको परिवार रोटे पिङमा सयर गर्न अण्डा आकारको गोलो भाडामा पसे । अब उनीहरुलाई लिभरमा लागेका तीन चक्काको बलमा जेनरेटरको मुस्लोसँगै पिङको सयर राइडर दाईले गराउने छन् । अवोध चेहरामा हर्षमात्र रहने छ । बालखले गुरुले भनेको ‘स्टाण्ड इन क्यू एण्ड व्येट फर योर टर्न ।’ ज्ञान भुल्ने छ । किनकी उसले घरको मुलीबाटै जीवनको लाइन मिच्न सिकेको अनुभूति गरिसकेको छ ।

हामी पछि परेका पछाडी नै छौँ । उसको सयरले सिकाएको पाठमा हामी यसरी अल्झिएका छौँ कि हामी भन्दा केही थान मानिसले पर्खन र पालो कुर्ने संस्कार बिर्सेको वर्षौ भएको अनुभूति दिलाइरहेका थिए । लामबद्ध लाइनमा हो हल्ला सुरु भएको छ । ‘देखू देखू बिचेमे घुस्लै !’ यो आवाज हाम्रो टर्न सम्म यसरी गुञ्जीयो कि मानौँ भिडले केही थान पिङ यात्रीलाई धैर्यता र क्रमसंख्याको पाठ पढाइरहेको छ ।

ती अधबैँसेको पालो तीन फन्कोमा सक्कियो । अधबैँसेको मुहारमा थप जीतको हर्ष छाएको छ । तर, पछि परेका केही थानले संस्कार भुलेको जाहेरी लाइनका अन्यलाई बताइरहेका छन् । अबोध बालख दाहिने हातमा भिक्ट्रीको साइन देखाउँदै जीतको श्रेय अधबैँसेलाई बाडिँरहेको छ । बालखले भनिरहेको छ, ‘हम किसि से डरते नही, जहाँ से हम खडे होङ्गे ओहीसे लाइन सुरु होता हे...।’

उसले पहिलो पाठ नै गलत अभ्यास गरिसकेको छ । निरस टिकट चेकर तछाड मछाड भिडलाई निरास हुँदै शान्त बस्न अपिल गरिरहेको छ । सुक्खा आवाजमा धमिलोपन मिस्सिन थालेको छ । उसले अरुलाई संस्कार सिकाउन आफु हारिरहेको छ ।

उसको हारलाई म र साथीहरुले अण्डा आकारको भाँडोमा बसेर मेसो पाएपनि मेला हेर्न आएका दर्जनौ व्यक्तिहरु उसँग क्रोध साटिरहेका छन् । ती अधबैँसे जस्तै केही थानको असंस्कारीपन र बलमिच्याईँले निरस टिकट चेकरको पटक पटक आवाज सुकिरहेको छ ।

हाम्रो पालो आए पनि हामी भन्दा अगाडी पुगेको अधबैँसे माडसाबले जनकपुरमा देखाउनु भएको बलमिच्याईँ यो पढ्ने पाठकका लागि सामान्य भएपनि कहिलेकाँही हतार र धैर्यता बिर्सिदा आफ्नाले भुल्दै जाने संस्कार ख्याल गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

त्यो अवोध बालख कुनै दिन रोटे पिङको सफरमा एक्लै निस्कियो र बुबाको हात भन्दा आफ्नो खुट्टामा उभियो भने उ यसरी नै हैकम जमाउने छ । उसले सम्मान संस्कारलाई ग्रहण गर्न बिर्सने छ । र, ऊ त्यही गर्ने छ जुन उसको बाले सिकाएका छन् । बलमिच्याइ नै सफलताको कडी हो भन्ने पाठ जो उसले सिके । जसले मिच्यो उसले जित्यो । तर, क्षणिक जीतमा रमाउने उसले जीवनका हरेक शुभ अवसर गुमाउन बाध्य हुनेछ । कारण संस्कारले पनि त सभ्यता र व्यवहार झल्काउँछ ।

# स्वच्छ पर्यावरणका लागि साइकल र्‍याली



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा पर्यावरण संरक्षणको सन्देश दिदै पर्यावरण अभियन्ताहरुले साइकल –याली प्रदर्शन गरेका छन् ।
शुक्रबार पर्यावरण योद्धा प्रदेश सांसद रामअशिष यादवले जनकपुरधामको रेल्वे स्टेसन बाट साइकल र्यालीको शुभारम्भ गरेका थिए ।
सो अवसरमा बोल्दै पर्यावरण अभियन्ता प्रदेश सांसद यादवले स्वस्थ जीवनमा स्वच्छ वातावरण हुनु अती आवश्यक रहेको बताउदै उनले पर्यावरण संरक्षण को सन्देश दिनका लागि राजधानी जनकपुरधाममा साइकल –यालीको आयोजन गरेको बताए ।
पर्यावरण अभियन्ता कृष्ण चन्द्र साह,रौकी प्रसाद साह र किशन साहको संयुक्त संयोजनमा साइकल चलाउ , पर्यावरण बचाउ मुल नाराका साथ जनकपुरधामको रेल्वे स्टेसन बाट निस्केको साइकल र्याली नगरको विभिन्न भागेको परिक्रमा गरि गंगासागर स्थित नगरडिहबार परिसरमा पुगि सम्पन्न भएको थियो ।
साइकल र्यालीमा क्लिन जनकपुरधाम ग्रीन जनकपुरधामका अभियन्ताहरु रवि कुमार गोयन्का,मनोज राय,बजरंग यादव,हरिकान्त मिश्रा, दुधमति नदि सफाई अभियन्ता सुदिप मंडल,आनन्द सहनी ,श्याम चौधरी ,राजेन्द्र साह,शिव शक्ति स्कुल का संस्थापक मुकेश यादव ,डा निरन्जन गोइत ,डा लक्ष्मीनारायण गोइत , डा अशोक साह,डा कृष्ण महतो,ई सत्यदेव यादव, कमलेश मंडल,उमेश साह,विकास यादव,मोनु गुप्ता ,हर्षित झा,श्रवण झा,मनिष सहनी,रामशरण दास,दिपक साह,बलिराम साह,अजय महतो सहित जनकपुरधामका विभिन्न स्कुल कालेजका विधार्थीहरुको सहभागिता रहेको थियो ।

# चाडपर्वमय मिथिला



**रासस**
**जनकपुरधाम ।**
दशहारा (बडादसैँ)को नवरात्र जारी छ । दिवाली (तिहार) र छठपर्व दशहारालगत्तै नजिकिँदैछन् । यी सांस्कृतिक र पारम्परिक चाडबाडको तयारीले मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पर्ने महोत्तरीमा उमङ्ग छाएको छ । चाडपर्वको रमझम र तयारीले  मिथिला क्षेत्र अहिले उमङ्गित छ ।
वर्षमा दुईवटा नवरात्र (दसैँ)मनाइने मैथिल परम्परा छ । असोज शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मलाई शारदीय नवरात्र र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिन्छ । दुवै नवरात्रमा देवी पूजन विधि समान भए पनि यहाँ शारदीय नवरात्र नै उल्लासका साथ मनाइँदै आइएको छ । शारदीय नवरात्रलाई मैथिल बोलीचालीमा दशहारा भनिन्छ ।दशहारा पर्वमा जताततै देवी भजनका मङ्गलधुन गुन्जिरहेका छन् ।
बस्तीबस्तीमा देवी महिमाका भजन गाइने गरिएको छ । असोज शुक्लपक्ष सुरु भएसँगै देवी शक्तिपीठ, मन्दिर र प्रतिमास्थलमा दर्शनार्थी भक्तजनको लाम छ । देवी शक्तिपीठ र मन्दिरमात्र नभएर अहिले बस्तीबस्तीमा निर्मित देवी प्रतिमास्थलमा भक्तजनको घुइँचो छ । ठाउँ–ठाउँमा दुर्गा मेला आयोजन गरिएका छन् ।
पर्व लागेसँगै घर सिङ्गार्ने चटारो छ । पर्वका लागि सरसामानको जोहोमा सबै व्यस्त देखिन्छन् । सर्वसाधारण किसान भने खेतीपातीको चाँजो मिलाउँदैछन् । कतिका खेतमा धान पहेँलै भएर पाकेका छन् । तरकारी बालीको नियमित रेखदेख र पालोमा (सातामा दुईपटक टिप्ने र बजार लाने) बजार पु¥याउनुपर्ने अनिवार्य छ । किसानहरु खेतीपातीको व्यस्ततावीच पर्वको तयारीमा लागेका छन् ।'चाडपर्वले छोपेका छन् ।
काम भ्याइनभ्याई छन्', आजै भाण्टा टिप्रे पालोमा एकाबिहानै तरकारी बारीमा भेटिनुभएका किसान बलदेव महतोले भने, 'दशहारा पर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउने हो नि !' पर्वका सरसामानको जोहो मिलाउन पनि भाण्टा टिप्र र मुला उखेलेर बजार पु¥याउनै पर्ने महतोको भनाइ थियो ।असोज पूर्णिमासँगै दसैँ सकिनासाथ अर्को मुख्य चाड तिहारको पक्ष प्रारम्भ हुने र त्यसलगत्तै छठपर्व पर्ने भएकाले सम्पूर्ण मिथिला अहिले पर्वको तयारीमा देखिन्छ । खेतीपातीदेखि सबै व्यावसायिक काम पनि अहिले पर्वकेन्द्रित बनेका छन् ।
दसैँ, तिहार र छठपर्वमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुनेका उत्पादनले पनि बजार पाउँछन् ।दशहारामा यहाँका बस्तीबस्तीमा पिङ हाल्ने काममा किशोर र युवा जुटेका छन् ।
बस्ती–बस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैँ जुटेका छन् । जताततै पर्वले मिथिला उमङ्गित देखिएको छ ।

# साप्ताहिक सरसफाइ जारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा प्रत्येक सप्ताह गरिने साप्ताहिक वृहत सरसफाइ कार्यक्रम शुक्रबार पनि भएको छ । विजयादशमीको मध्यनजर गर्दै श्रद्धालु भक्तजनहरुको भिडभाड रहने राममन्दिर र राजदेवी मन्दिर परिसरमा शुक्रबार सरसफाइ गरिएको हो । प्रहरी साझेदारी कार्यक्रम अन्तरगत बृहत्त सरसफाइ कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रहरी उपरीक्षक विश्वराज खडका, सेना, प्रहरी, सशस्त्र, नगर प्रहरी, विभिन्न संघसंस्थाको कमचारी र स्थानीयको सहभागिता रहेको धनुषा प्रहरीका प्रवक्ता रन्जन आवाले जानकारी दिए ।



आमसञ्चार प्राधिकरण मधेश प्रदेशको वार्षिक प्रतिवेदन शुक्रबार मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई हस्तान्तरण गर्दै प्राधिकरणका अध्यक्ष श्यामशुन्दर यादव । तस्बिरः अजयकुमार साह

# मिथिला चित्रकलाकर्मीलाई व्यावसायिक प्रशिक्षण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
परम्परागत रुपमा मिथिला चित्रकला बनाउँदै आएका कलाकर्मी महिला तथा किशोरीलाई फेशन आर्ट र डिजाइनसम्बन्धी तालिम दिइएको छ । जनकपुरधाम क्षेत्रका विभिन्न १५ जना कलाकर्मीलाई जनकपुर आर्ट एण्ड क्राफ्ट नामक संस्थाले तालिम दिएको हो । स्वीस कन्व्याक्ट सेक नामक दातृ निकायको सहयोगमा सञ्चालित २१ दिने उक्त तालिम बिहीबार समापन भएको छ ।
मिथिला चित्रकला सम्बन्धी ज्ञान पहिल्यैदेखि भएपनि यो तालिमले व्यवसायिक रुपमा काम गर्न प्रोत्साहन प्राप्त भएको सहभागीहरुले बताएका छन् ।
'मलाई मिथिला चित्रकलामा काम गर्न बाल्यकालदेखि नै शोख थियो । शिक्षादिक्षा लिँदै पारिवारिक जिम्मेवारीको चाप बढ्दैजाँदा यो शोखलाई आयआर्जनको रुपमा परिणत गर्न सोचिरहेको थिएँ' तालिममा सहभागी स्थानीय जुली साहले भनिन्, 'स्वीस कन्व्याक्टको सहयोगमा मैले प्राप्त गरेको सीपलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्ने भएकी छु ।'
अर्का प्रशिक्षार्थी पुर्णिका शर्माले पछिल्लो पाँच वर्षदेखि मिथिला चित्रकला बनाउँदै आएको बताइन् । 'मैले साथीहरुसँग खेल्दाखेल्दै मिथिला चित्रकलामा रमाइरहेकी थिएँ । सोही क्रममा जनकपुर आर्ट एण्ड क्राफ्टसँग जोडिन आइपुगेँ र आज तीन हप्ताको यो तालिम सम्पन्न हुँदै गर्दा आफ्नो पहिचानलाई आर्थिक सुरक्षाको रुपमा विकास गर्न सक्ने भएको महसुस हुँदैछ' तालिम समापन समारोहमा आफ्नो अनुभव सुनाउँदै शर्माले भनिन् ।
तालिम समापन समारोहका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरका उपप्रमुख किशोरी साहले मिथिला चित्रकलालाई समय र परिवेशका माग अनुसार परिमार्जन गर्दै व्यवसायिक रुपमा प्रबद्र्धन गर्नुपर्ने आवश्यक्ता औंल्याए । उनले जनकपुर आर्ट एण्ड क्राफ्टले मिथिलाको सभ्यता र संस्कृतिलाई चित्रकलाको माध्यमले अन्तर्राष्ट्रिय जगतमा पुर्याएकोमा प्रशंसा गरे ।
'तपाईहरुले यो चित्रकलामा रमाइरहेको देखेर म निकै प्रसन्न भएको छु । आज यो समान्य विषय होला । तर, भोली यो सीपले तपाईहरुको भविष्यलाई उज्वल बनाउनेछ भन्ने मेरो आशा हो' नगर उपप्रमुख साहले भने । उनले मिथिला चित्रकलालाई बजारीकरण गर्दै आयआर्जनको रुपमा प्रबद्र्धन गर्न अगामी दिनमा जनकपुरधाम उपमहानगरपालिकाले नीति तथा कार्यक्रम मार्फत अग्रसरता लिने प्रतिबद्धता जनाए ।
जनकपुर आर्ट एण्ड क्राफ्टका संयोजक अशोक साहको अध्यक्षतामा आयोजित तालिम समापन समारोहमा फेशन आर्ट एण्ड डिजाइनका वरिष्ठ प्रशिक्षक फ्रिट्स क्लेर्नविक, जनकपुरधाम उपमहानगरका उपप्रमुख साह र युवा नेता राकेश विक्रम साहले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए ।

# मुख्यमन्त्रीद्वारा 'बाटो पत्रकारिताको' पुस्तक विमोचन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादव र गृह, सञ्चार तथा कानूनमन्त्री मो. समिम लगायतका मन्त्रीहरुले संयुक्त रुपमा पत्रकारिता प्रशिक्षण सम्बन्धी पुस्तक विमोचन गर्नुभएको छ ।
मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमका बीच शुक्रवार आमसञ्चार प्राधिकरणले प्रकाशन गरेको 'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तक विमोचन गरिएको हो । पुस्तक विमोचन गदै मुख्यमन्त्री यादवले पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण लगायतका कार्यक्रम अगाडि बढाउनुपर्नेमा जोड दिए ।
पत्रकारहरुले सत्यतथ्य र विश्वसनीयतालाई अझ सबल बनाउनुपर्ने आवश्यकता औंल्याउदै उनले भने 'राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो लेखिदिनुपर्छ, पत्रकार र मिडियालाई म सम्मान गर्छु, मिडियाले गलत कार्यलाई गलत लेखिदिएमा त्यसैलाई आधार मानेर कार्वाही गर्न प्रतिवद्ध छु ।'
सकारात्मक गतिविधि एवम् विषयवस्तहरुलाई समेत पत्रकारहरुले मिडियामा समुचित स्थान दिनुपर्नेमा उनले जोड दिए । पत्रकार र मिडिया क्षेत्रको प्रवद्र्धन सम्बन्धी कार्यहरु अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिदै मुख्यमन्त्री यादवले आवश्यक बजेट अभाव पूर्ति गरिने विश्वास व्यक्त गरे ।
गृह, सञ्चार तथा कानून मन्त्री समिमले प्राधिकरणले प्रकाशन गरेको 'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तकलाई बढी भन्दा बढी उपयोग गर्नुपर्नेमा जोड दिँदै शुभकामना व्यक्त गरे । उक्त अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपाने, खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साह, स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र प्रसाद सिंह, उर्जा, सिंचाई तथा खानेपानी मन्त्री सिंगासन सा कलबार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव, श्रम तथा यातायात मन्त्री चन्दन कुमार सिंह समेतको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव र प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंहले प्राधिकरणको वार्षिक प्रतिवेदन समेत मुख्यमन्त्री यादव र गृह, सञ्चार तथा कानूनमन्त्री समिमलाई बुझाए ।
'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तकको लेखन नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष, राष्ट्रिय समाचार समितिका अध्यक्ष समेत रहनुभएका पत्रकारिताका वरिष्ठ प्रशिक्षक धर्मेन्द्र झाले गर्नुभएको छ । उक्त पुस्तकमा आधारभूत पत्रकारिता, टेलिभिजन पत्रकारिता, श्रव्यदृश्य छायाङ्कन तथा सम्पादन, रेडियो पत्रकारिता, फोटो पत्रकारिता र कृषि पत्रकारिता सम्बन्धी तालिम सञ्चालनका लागि निर्देशिका सहितको पाठ्यक्रम समावेश गरिएको छ ।

शुभ विजयादशमीको शुभ अवसरमा
माता दुर्गा भवानीले
सम्पूर्ण मानवजन तथा जीवजन्तुहरुको
कल्याण गरुन् भन्ने

## हार्दिक शुभकामना



महामना राजेश्वर नेपाली

टिका होस् निधारमा, जमरा होस् कानमा,
खुसी छाओस परिवारमा, शान्ति छाओस् देशमा,
दशैंमा खुशी नै खुशी बास होस्, सबै शत्रुहरुको नास होस् ।
जय माता दी ।



# राघवेन्द्र साह

**वडा अध्यक्ष**
- जनकपुरधाम उ.म.न.पा. वडा नं.-२३

**अध्यक्ष -**
- श्री गोविन्द सेवा समिति
- रवीन्द्र साह स्मृति प्रतिष्ठान
- जय गोविन्द बचत तथा ऋण सहकारी संस्था लि., जनकपुरधाम-२३
- बिन्धी स्वास्थ्य चौकी, जनकपुरधाम-२३

**प्रबन्ध निर्देशक**
- रविन्द्र मोमोरियल शिक्षण अस्पताल जनकपुरधाम-२३

---

हिन्दूहरुको महान पर्व बडादशैं
दीपावली तथा छठ पर्वको शुभ अवसरमा
सम्पूर्ण नेपालीजनमा सुस्वास्थ्य दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय
शुभकामना ।



मनोज कुमार
अध्यक्ष

तथा



लिलावती कानु
उपाध्यक्ष

**छिपहरमाई गाउँपालिका (परिवार)**
भिस्वा, पर्सा, मधेश प्रदेश (नेपाल)

---

हिन्दूहरुको महान पर्व बडादशैं दीपावली तथा छठ पर्वको
शुभ अवसरमा सम्पूर्ण नेपालीजनमा सुस्वास्थ्य
दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना ।



मदन प्रसाद चौहान
अध्यक्ष

तथा



मन्जु देवी
उपाध्यक्ष

**धोविनी गाउँपालिकाको कार्यालय (परिवार)**
पर्सा, मधेश प्रदेश (नेपाल)

---

हिन्दूहरुको महान पर्व बडादशैं दीपावली तथा
छठ पर्वको शुभ अवसरमा सम्पूर्ण नेपालीजनमा
सुस्वास्थ्यदीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय
शुभकामना ।



अनोज चौधरी
अध्यक्ष

तथा



रेखा चौधरी
उपाध्यक्ष

**जिराभवानी गाउँपालिका (परिवार)**
पर्सा, मधेश प्रदेश (नेपाल)

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन